का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक २८३
- २१ मंसिर २०७८, मंगलबार
- 7 December 2021, Tuesday

www.madhyanhadaily.com

पृष्ठ १० मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला।

## नेपालमा पनि भेटियो ओमिक्रोन

दक्षिण अफ्रिका भएर फैलिएको कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रणको संक्रमणमा नेपालमा पनि भेटिएको छ । स्वास्थ्य मन्त्रालयका अनुसार, विदेशबाट आएका नागरिक र एक नेपालीमा ओमिक्रोनको संक्रमण पुष्टि भएको छ ।




**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २० मंसिर ।

दक्षिण अफ्रिका भएर फैलिएको कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोन नेपालमा पनि देखिएको छ । विदेशबाट आएका नागरिक र उनको सम्पर्कमा पुगेका एक नेपालीमा ओमिक्रोनको संक्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालय विरोध खतिवडाको उपस्थितिमा पत्रकार सम्मेलन गरी ओमिक्रोनको संक्रमण नेपालमा पनि भेटिएको जानकारी दिइएको छ ।

नेपाल आएका ती विदेशी नागरिकको सम्पर्कमा पुगेका ६६ जनाको परीक्षण गरिएको स्वास्थ्य मन्त्रालयका सचिव डा.रोशन पोखरेलले बताए । परीक्षण गरिएका मध्ये दुई जनामा ओमिक्रोनको संक्रमण पुष्टि भएको हो । ६६ वर्षीय विदेशी नागरिक र उनको सम्पर्कमा रहेका ७१ वर्षीय नेपाली नागरिकमा ओमिक्रोन संक्रमण पुष्टि भएको छ । आइतबार नै संक्रमण पुष्टि भएपनि सोमबार दिउँसो पत्रकार सम्मेलन गरी जानकारी दिइएको थियो । मन्त्रालयका अनुसार ७ मंसिरमा उनीहरुको परीक्षण भएको थियो ।

ती नागरिक ३ मंसिरमा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल भएर नेपाल प्रवेश गरेका थिए । तर १९ मंसिरमा मात्रै संक्रमण पुष्टि भएको हो । २४ नोभेम्बारमा दक्षिण अफ्रिकामा पुष्टि भएको ओमिक्रोनको स.क्रमण ३५ भन्दा बढी देशमा पुष्टि भएको छ ।

दक्षिण छिमेक भारतमा शुक्रबार ओमिक्रोनको संक्रमण देखिएको थियो । सोमबार भारतमा ओमिक्रोन पुष्टि हुने संख्या २१ पुगेको छ । सरकारले ओमिक्रोन रोकथाम गर्न दक्षिण अफ्रिका सहित ९ देशबाट नेपाल प्रवेश रोक लगाएको छ । तर नेपालमै ओमिक्रोन पुष्टि भएकाले भीडभाड नगर्न र स्वास्थ्यको मापदण्ड अपनाउन आग्रह स्वास्थ्यमन्त्रालयले आग्रह गरेको छ ।



महोत्तरीको मनरासिस्वा नगरपालिका- १० स्थित प्राथमिक विद्यालय मधवामा भवन अभावमा बरण्डामा पढ्दै विद्यार्थी । तस्वीरः सञ्जीतकुमार मण्डल

### काँग्रेस महाधिवेशन

# प्रदेशमा संस्थापन हाबी

सत्तारुढ दल नेपाली काँग्रेसको १४औं महाधिवेशन अन्तर्गत ६ प्रदेशमा भएको अधिवेशनमा सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवा पक्षले चार प्रदेशको सभापति जितेको छ । देउवा इतर समूहले भने दुई वटा प्रदेशमा मात्रै जितेको छ ।



नेपाली काँग्रेस सुदूरपश्चिम कार्य समितिमा नवनिर्वाचित पदाधिकारी एवं सदस्यहरु धनगढीमा प्रमाणपत्र वितरण लिएपछि । तस्वीरः रासस

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २० मंसिर ।

सत्तारुढ दल नेपाली कांग्रेसको ६ प्रदेशमा अधिवेशन सकिएको छ । पहिलो पटक काँग्रेसले प्रदेश नेतृत्व चयन गरेको छ । केन्द्रीय नेताहरुलाई नै अगाडि बढाएर काँग्रेसले पहिलोपटक अधिवेशन गरेको छ । १७ मंसिरबाट शुरु भएको अधिवेशनबाट ६ प्रदेशको नेतृत्व चयन गर्दा सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवा र उनी इतर समूहबीच प्रतिश्पर्धा भएको छ ।

सोमबार बिहान प्रदेश-१ को नतिजा सार्वजनिक भएको छ । योसँगै प्रदेश-१, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सूदुरपश्चिम प्रदेशमा काँग्रेस नेतृत्व चयन भएको छ । प्रदेश-१ मा उद्धप थापा, बागमतीमा इन्द्रप्रसाद बानियाँ, गण्डकीमा शुक्रराज शर्मा, लुम्बिनीमा अमरसिंह पुन, कर्णालीमा ललितजंग शाही र सूदुरपश्चिममा बीरबहादुर बलायर सभापति निर्वाचित भएका छन् ।

संस्थापन र इतर समूहबीच प्यानल बनाएरै निर्वाचन भएको थियो । त्यस मध्ये चार प्रदेशको सभापति देउवा पक्षले जितेको छ । प्रदेश-१ का थापा, बागमतीका बानियाँ, कर्णालीका शाही र सूदुरपश्चिमका बलायर देउवा निकट हुन् । गण्डकीका शर्मा र लुम्बिनीका पुन भने बरिष्ठ नेता रामचन्द्र पौडेल निकट हुन् । आगामी २४-२६ मंसिरमा काठमाडौंमा हुने १४औं महाधिवेशन अगाडि भएको यो प्रदेश अधिवेशनलाई काँग्रेसमा विशेष चासोका साथ हेरिएको छ । त्यसैले शीर्ष नेताहरुले विशेष चासो दिएर चुनावी तयारी गरेका थिए ।

प्रदेश-१ मा पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला निकट थापासँग प्रतिश्पर्धा गराउन संस्थापन इतर समूहका नेता शेखर कोइरालाले केन्द्रीय सदस्य गुरुराज घिमिरेलाई उम्मेद्वार बनाएका थिए । तर केन्द्रीय बाँकी पृष्ठ २ मा

### शक्ति प्रदर्शन हुँदैनः देउवा

**काठमाडौं/मस–** प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले मुलुकमा कोरोना महामारी कायमै रहेकाले पार्टीको १४ औं महाधिवेशनमा धेरै मानिस उतारेर शक्ति प्रदर्शन नगर्ने बताएका छन् । प्रधानमन्त्री निवास बालुवाटारमा सञ्चारकर्मीहरुसँग सभापति देउवाले महाधिवेशनको उद्घाटनमा जनतालाई दुःख दिने गरी भिडभाड नगर्ने बताए ।

कांग्रेसको १४औं महाधिवेशन २४ देखि २६ गतेसम्म काठमाडौंमा हुँदैछ । प्रधानमन्त्री देउवाले आफूले पार्टीको विधानबमोजिम एक पटक पुनः सभापतिमा उम्मेदवारी दिने बताए । आफू प्रधानमन्त्री पनि रहेको र एक पटक पुनः सभापति जितेमा अझै राम्रो बाँकी पृष्ठ २ मा

# जापान रोजगारीको गतिरोध छिटो अन्त्य गर्न माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० मंसिर ।

नयाँ श्रममन्त्री र त्यसपछिको मन्त्रालय नेतृत्वले वैदेशिक रोजगारका लागि नयाँ गन्तव्यको खोजी गरिने प्रतिबद्धता पटक पटक दोहोऱ्याउँदै अएको छ । यसबाट खाडीमा मात्र डिमाण्डका लागि अस्वस्थ प्रतिस्पर्धा गरिरहनु परेका व्यवसायीहरु उत्साहित भएका छन् । तर अहिले भएकै आकर्षक गन्तव्यहरुमा सहजरुपमा नेपाली कामदार पठाउन झन्झटिलो अवस्थाबारे पनि मन्त्रालयको गम्भीर ध्यान जानु पर्ने देखिएको छ ।

वैदेशिक रोजगार विभागबाट देशगत अनुमति लिनुपर्ने बाध्यताले नेपाली कामदारका लागि आकर्षक मानिएका देशको रोजगारी प्रभावित हुँदै आएको छ । वैदेशिक रोजगार ऐनले तोकेको बैंक ग्यारेन्टी तथा धरौटी राखेर ऐनले तोकेका प्रक्रिया पूरा गरी वैदेशिक रोजगार गर्ने इजाजत लिइसकेपछि पनि वैदेशिक रोजगार विभागबाट पुनः देशगत अनुमति लिनुपर्ने बाध्यताले नेपाली कामदारका लागि आकर्षक मानिएका देशको रोजगारी प्रभावित भएको हो । त्यसमध्येको प्रमुख गन्तव्यका



रूपमा रहेको जापानको रोजगारी लामो समयदेखि प्रभावित रहँदै आएको छ ।

जापानका रोजगारदाताले नेपाली कामदार लिन धेरै अडाडिदेखि रूची देखाइरहेका छन् । निजी क्षेत्रका वैदेशिक रोजगार व्यवसायीले आ-आफ्नो क्षमता अनुसार पहल गरेर नेपाली कामदारका लागि आकर्षक रोजगारीको अवसर पनि भेटेका छन् । कतिपय व्यवसायीले जापानका कम्पनीसँग नेपाली कामदार पठाउने सम्झौता नै गरिसकेको बताएका छन् । तर सरकारले कामदार पठाउन अनुमति नदिँदा व्यवसायीको लगानी र परिश्रम खेर गएको छ भने नेपाली कामदारले पाउन सक्ने सम्भावित आकर्षक तलबसहितको सुरक्षित रोजगारीबाट समेत बञ्चित हुनु परेको अवस्था छ । उनीहरू निरन्तररूपमा खाडी मुलुक र मलेसिया जान बाध्य भएका छन् ।

जापानका करिब चार कम्पनीसँग सम्झौता गरेर नेपाली कामदार पठाउन खोजेपनि विभागले अनुमति नदिँदा कम्पनीले बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## अख्तियारद्वारा नासु पोखरेल र बिचौलियाविरुद्ध मुद्दा दायर

**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले वैदेशिक रोजगार कार्यालय ताहाचल, काठमाडौंका नायब सुब्बा दुर्गा प्रसाद पोखरेल र बिचौलियाविरुद्ध विशेष अदालत काठमाडौंमा भ्रष्टाचारको मुद्दा दायर गरेको छ ।

वैदेशिक रोजगारका लागि श्रम स्वीकृति बनाउन आएका सेवाग्राहीलाई काममा आलटाल गरी अनलाइन फारम भर्ने बिचौलियासँग जानुपर्ने बाध्यता सिर्जना गरी बिचौलियाको काम गर्ने खेम प्रसाद काफ्लेमार्फत घुस माग गरेको भन्ने उजुरीका आधारमा आयोगले कात्तिक १७ गते उनीहरूलाई पक्राउ गरेको थियो ।

अख्तियारले नायब सुब्बा पोखरेलले आर.के. फोटो कपीका संचालक खेम प्रसाद काफ्लेमार्फत आाठ हजार घुस लिएको भन्दै आठ हजार रुपैयाँ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन अन्तर्गत सजाय गर्न मागदाबी लिएको छ । बाँकी पृष्ठ २ मा

# जीप दुर्घटनामा ४ जनाको मृत्यु

**गणेश सिंह धामी/मध्यान्ह**
दार्चुला, २० मंसिर

बैतडीमा जीप दुर्घटना हुँदा चार जनाको मृत्यु भएको छ भने ६ जना घाइते भएका छन् । बैतडीको पाटन बजारबाट पाटन नगरपालिका -७ कैलपाल जाँदै गरेको से १ ज ८८८ नम्बरको जीप पाटन नगरपालिका-१ सकार खोलामा दुर्घटनामा परेको हो ।

दुर्घटनामा परेर पाटन -७ कैलपालकी २० वर्षीया मनिषा विक र उनका श्रीमान २४ वर्षीय प्रेम चुनाराको मृत्यु भएको छ ।

यस्तै पाटन नगरपालिका -१ सकारका १३ वर्षीय विनोद भट्टराई र सोही ठाउँकी ७२ वर्षीया रमा भट्टराईको मृत्यु भएको इलाका प्रहरी कार्यालय पाटनका प्रमुख प्रहरी निरीक्षक राजेश शाहीले मध्यान्हलाई बताए ।

उनीहरुलाई पाटन प्राथमिक स्वास्थ्य केन्द्रमा पुऱ्याउँदा चारै



जनालाई चिकित्सकले मृत घोषणा गरेका हुन् । मनिषा र प्रेम १० दिन अघि मात्रै विवाह बन्धनमा बाँधिएका बुझिन आएको छ ।

दुर्घटनामा परेर अन्य ६ जना घाइते भएका छन् भने घाइते १ जनाको अवस्था गम्भीर रहेको छ । उनीहरु सबैलाई उपचारका लागि पाटन प्राथमिक स्वास्थ्य केन्द्रमा पुऱ्याइएको प्रहरी निरीक्षक शाहीले बताए । चालक भने फरार रहेका छन् ।

कर्मचारी आवश्यकता

पब्लिक रिलेशन अफिसर (पि.आ.रो)- ६ जना (म/पु)

रिसेप्सनिष्ठ- २ जना (म)

योग्यताः सम्बन्धित काममा अनुभव भएकालाई विशेष प्राथमिकता दिईनेछ साथै Minimum +2 Passed, कम्प्युटर, अफिस प्रोग्रामका साथै ईमेल ईन्टरनेटमा दक्ष तथा अनुभवी Candidates हरुलाई विषेश प्राथमिकता दिईनेछ ।

तलबः आपसि सहमतिमा

AL HAYAT Management System Pvt. Ltd.

Mob : 9841418580, 9801040030 Email : info@alhayatgroups.com

भूपेन्द्र बडुवाल हत्या प्रकरण

# दुई आपराधिक समूहको विवादका कारण हत्या

**सुदूरपश्चिम/मस**–कैलाली लम्की चुहा नगरपालिका-१ का युवक भूपेन्द्र बडुवालको हत्याको कारण दुई आपराधिक समूहको आपसी विवाद भएको प्रहरी अनुसन्धानबाट खुलेको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक विश्व अधिकारीले सोमबार धनगढीमा आयोजित पत्रकार सम्मेलनमा दुई आपराधिक समूहले एकआपसमा आक्रमण गर्ने योजनासहित परिचालित युवाले धारिलो हतियार प्रहार गर्दा २३ वर्षीय बडुवालको मृत्यु भएको बताए ।

गत कात्तिक २३ गते राति टीकापुर नगरपालिका सिद्धार्थ होटेल नजिक रहेको बडुवालका आफन्त कौसीदेवी विष्टको घर परिसरमा उनीमाथि धारिलो हतियार प्रहार गरिएको थियो । आफ्नो विरोधी समूहका युवा ठानेर आर्यन देवकोटा, रोशन शाही, रोहित आले, चीरञ्जीवी शाहीलगायत युवा बडुवालमाथि धारिलो हतियार प्रहार गरी फरार भएको प्रहरी उपरीक्षक अधिकारीले



बताए । आक्रमणबाट घाइते बडुवालको टीकापुर अस्पताल पुऱ्याइएको केही समयमै मृत्यु भएको थियो ।

उनले भने, 'आक्रमणको योजनासहित टीकापुर पुगेका कपिल श्रेष्ठले चिनजानका साथी रहेका बडुवाललाई आफू टीकापुरमा रहेकाले मोटरसाइकलमा लिन आउन बोलाएका रहेछन् । बडुवाल टीकापुरमा रहेको अवस्थामा अर्को समूहका युवाले विरोधी समूहका युवा ठानेर उनीमाथि हतियार प्रहार गरे ।'

पत्रकार सम्मेलनमा उपरीक्षक अधिकारीले भने, 'यो दुई समूहबीच आक्रमणको घटना भएको भए झन ठूलो मानवीय क्षति हुने थियो, तत्काल प्रहरी परिचालन हुँदा हुन पाएन । मृतक बडुवाल निर्दोष रहेछन् ।'

कैलालीको टीकापुर, चिसापानी र लम्की क्षेत्रमा नदीजन्य पदार्थ र वन पैदावारको ठेक्कापट्टाको काममा आफ्नो वर्चश्व जमाउँदै आएको यो समूहले आपराधिक लाभका लागि युवालाई परिचालन गर्ने गरेको प्रहरी अनुसन्धानबाट खुलेको छ । सुरुको समयमा यो समूहमा एकता थियो । आपसमा विवाद र मनमुटाव बढ्दै जान थालेपछि दुई समूहमा बाँडिएपछि एउटा समूहको नेतृत्व नवीन रावलले र अर्को समूहको जयन्द्र शाहले गरेको जनाइएको छ ।

हत्या घटनाको सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयको विशेष अनुसन्धान टोली र केन्द्रीय अनुसन्धान ब्यूरो(सिबिआई) को टोलीले अनुसन्धान गरेको थियो । उक्त हत्या घटनाका आरोपी महेश रावल, धीरज भन्ने दीपेन्द्र शाही, आर्यन देवकोटा, मदन शाही, कपिल श्रेष्ठ, दीपक स्वरुप भन्ने हिसान्त मल्ल, विकास भट्ट, प्रदीप रिमाल, रोहित आले, सोहन शाह, लोकेन्द्र कुवँर र समीरजङ्ग शाहीलाई पक्राउ गरिएको छ । घटनामा संलग्न नवीन रावल, अनुज भन्ने चिरञ्जीवि शाही, बाल शाही, जयन्द्र शाह, रोशनबहादुर शाही, अशोक रावल, हेमन्त शाही, विकास शेरचनलगायत नौ जना फरार रहेका छन् ।

यो समूहका विभिन्न व्यक्ति विरुद्धमा कैलाली र काठमाडौंमा गरी छ वटा ज्यान मार्ने र दुई वटा हातहतियार खरखजनासम्बन्धी मुद्दा यसअघि दर्ता भएको जनाइएको छ । काठमाडौंको कालीमाटी क्षेत्रमा विसं २०७८ भदौ महिनामा जयन्द्र शाहको तर्फबाट कपिल श्रेष्ठले नवीन रावल समूहका हिमाल शाहीलाई खुकुरी प्रहार गरी ज्यान मार्ने प्रयास गरेको बताइएको छ ।

यसै घटनापछि श्रेष्ठले जयन्द्रको समूहको तर्फबाट नवीन रावलको समूहमाथि आक्रमण गर्ने योजनासहित गत कात्तिकमा काठमाडौंबाट लम्की पुगेको पत्रकार सम्मेलनमा जानकारी गराइएको छ ।

# बुटवल–नारायणगढ सडकखण्डको म्याद थप गर्न माग

**बाके/मस**–बाँकेको राप्ती नदीमा अवैधरुपमा भइरहेको नदीजन्य पदार्थको उत्खनन् रोक्न स्थानीयवासीले माग गरेका छन् । उत्खननले खेतीयोग्य जमिन कटान भई डुबानको जोखिम हुने जनाउँदै राप्तीसोनारी गाउँपालिका-६ का स्थानीयले चिन्ता व्यक्त गरेका हुन् ।

जल उपभोक्ता समितिको मूल नहरको इनटेकदेखि ढलैया, डाँडा र खल्ला टेपरी हुँदै सिधनिया पुलसम्मको क्षेत्रमा स्काभेटर र जेसिबी प्रयोग गरेर अवैधरुपमा नदीजन्य पदार्थको उत्खनन भइरहेको स्थानीयवासी चमेली बाकवलले जानकारीदिए । उनका अनुसार, राप्तीनदीमा अवैधरुपमा भइरहेको दोहनले खेतीयोग्य जमिन कटान भई बगरमा परिणत हुने र वर्षा मौसममा बस्तीनै डुबानमा पर्ने जोखिम बढ्दै गएको छ ।

राप्तीसोनारी-६ फत्तेपुरका स्थानीयवासीले आइतबार जिल्ला प्रशासन कार्यालय बाँकेमा अवैधरुपमा भइरहेको



नदीजन्य पदार्थको उत्खनन रोक्न माग गरेका छन् ।

प्रमुख जिल्ला अधिकारी सूर्यबहादुर खत्रीलाई चारबुँदे मागसहितको ज्ञापनपत्र बुझाउँदै स्थानीयले राप्ती नदीमा भइरहेको दोहन रोक्न माग गरेको स्थानीयवासी बनिलाल थारुले बताए । स्थानीयले नदीबाट हुने कटान र डुबान रोकथामका लागि तटबन्ध निर्माण गरिदिनुपर्ने माग पनि गरेका छन् ।

जिल्लामा नदीजन्य पदार्थ उत्खननको लागि ठेक्का प्रक्रिया सुरु हुन नसक्दा अवैधरुपमा उत्खनन भई करोडौं राजस्व गुमेको छ । चालु आर्थिक वर्षको चार महिना बितिसक्दा पनि बाँकेका नदीजन्य पदार्थको ठेक्का प्रक्रिया सुरु हुन सकेको छैन ।

ठेक्का प्रक्रियामा नजाँदा अवैधरुपमा नदीजन्य पदार्थको उत्खनन तथा ओसारपसार भई राजस्व गुम्न पुगेको छ । सो अवसरमा प्रजिअ खत्रीले राप्ती नदीमा भइरहेको नदीजन्य पदार्थको अवैध उत्खनन् नियन्त्रणका लागि आफ्नोतर्फबाट पहल गर्ने जानकारीदिएको बताइएको छ ।

# 'स्थानीय तहमा दोहोरो सहमतिमा कर्मचारी कामकाजमा खटाइने'

**काठमाडौं/मस**–संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजेन्द्र श्रेष्ठले कर्मचारीलाई स्थानीय तहको दोहोरो सहमति र निवेदनका आधारमा कामकाजमा खटाइने बताएका छन् ।

संविधानअनुसार स्थानीय तहको कर्मचारी व्यवस्थापनको जिम्मेवारी प्रदेशको भए पनि प्रदेशमा सम्बन्धित कानुनको अभावका कारण मन्त्रालयले कर्मचारीलाई सहजीकरण गर्न लागेको मन्त्री श्रेष्ठले बताए । कतिपय कर्मचारीले घर पायक नभएकाले र कतिपयले अरू विविध कारणले सरुवाको माग गरिरहेको उनले बताए ।

उनले भने, 'एकजना खाली रहेका पालिकामा एकजना व्यक्ति नै जान चाहेमा जान पाउनुहुन्छ ।'

अहिले पनि स्थानीय तहमा कर्मचारी अभाव रहेको मन्त्री श्रेष्ठले बताए । सुगममा मात्रै काम गर्न चाहने कर्मचारीको चाहनाले पनि कतै आवश्यकताभन्दा बढी कर्मचारी थुप्रिएको र कतै कम कर्मचारी कार्यरत रहेको उनको भनाइ छ । स्थानीय तहमा राजनीतिक र प्रशासनिक नेतृत्वबीच समन्वयको कमी हुँदा समस्या आइरहेको उनको भनाइ छ । कतिपय पालिकाले सरुवा भएर आएका कर्मचारीलाई हाजिर गराउन मानेका छैनन् भने कतिपय पालिकामा कर्मचारीले आफूले सरुवा चाहँदा नपाएकाले काममा सहयोग नगरेको उनले बताए । धेरै कार्यालयमा अहिले निमित्तलाई जिम्मेवारी दिइनु समस्याका रुपमा रहेको उनले औंल्याए ।

उनले भने, 'निमित्तलाई जिम्मेवारी दिइनुभन्दा योग्यता पुगेकै व्यक्तिबाट काम लिइनुपर्छ ।'

मन्त्रालयका प्रवक्ता वसन्तकुमार अधिकारीले प्रदेशमा कानुनको अभावमा कर्मचारी व्यवस्थापन हुन नसकेकाले संघीय सरकारले नै गरिरहेको उल्लेख गरे । विगतमा स्थानीय तहमा रहेका कर्मचारीलाई एकै ठाउँमा काम गर्दा विभिन्न समस्या आएकाले सरुवाका लागि अवसर दिइएको उल्लेख गरे । उनले भने, 'राजनीतिक नेतृत्व अभावले केही समय निर्णय हुन नसके पनि अहिले पुनः निर्देशिकाका आधारमा सरुवा प्रक्रिया अघि बढाइएको छ ।'

# जबरजस्ती करणीको अभियोगमा पक्राउ

**यामराज विष्ट/मध्यान्ह**
दैलेख, २० मंसिर

एक २० वर्षीया युवतीलाई जबरजस्ती करणी गरेको अभियोगमा दैलेख प्रहरीले एकजना युवालाई पक्राउ गरेको छ । जबरजस्ती करणी गरेको अभियोगमा नारायण नगरपालिका ६ बस्दै आएका २१ वर्षीय राहुल सार्कीलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय दैलेखका प्रहरी नायक उपरीक्षक



(डीएसपी) भुवनेश्वरप्रसाद साहले बताए ।

जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय दैलेखबाट खटिएको प्रहरी टोलीले उनलाई पक्राउ गरेको बताइएको छ । पक्राउ परेका ती युवालाई करणी सम्बन्धी कसुर मुद्दा दर्ता गरी जिल्ला अदालतबाट ७ दिनको म्याद थप गरी घटनाको सम्बन्धमा थप अनुसन्धान भइरहेको डीएसपी साहले बताए ।

# मदरसा शिक्षा सरकारी पाठ्यक्रममा समावेश गराइने

**काठमाडौं/मस**–शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले मदरसा शिक्षालाई सरकारी पाठ्यक्रममा समावेश गराइने
बताएका छन् ।

'नेपालमा मदरसा शिक्षा र यसको भावी रुपान्तरण' सम्बन्धी अध्ययन प्रतिवेदन सार्वजनिक गर्न सोमबार आयोजित कार्यक्रममा मन्त्री पौडेलले भने, 'हामी यो विषयलाई गम्भीरतापूर्वक लिएर मन्त्रालयमा छलफल गर्छौं । पाठ्यक्रममा कसरी समावेश गर्न सकिन्छ भन्नेबारे खोजीनीति गर्नेछौं । त्यसका लागि सम्बन्धित पक्षले ठोस प्रस्ताव ल्याउनुपर्छ ।' उनले संविधानमा समावेशितालाई महत्व दिए



पनि कार्यान्वयनका क्रममा कर्मचारीतन्त्र र अन्य पक्षबाट प्रभावकारी काम हुन नसकेको स्वीकार गरे ।

# महिला हिंसा न्यूनीकरणका लागि शिक्षा र सचेतना आवश्यक

**गण्डकी/मस**–महिला हिंसा न्यूनीकरणका लागि सबैतहबाट सकारात्मक सन्देश प्रवाह गर्नुपर्नेमा जोड दिइएको छ ।

पर्यटन व्यवसायी महिला संघ नेपाल (टेवान) द्वारा आयोजित 'व्यवसायमा महिला हिंसा सचेतना' विषयक कार्यक्रमका वक्ताले शिक्षा र सचेतनाकै अभावमा अधिकांश स्थानमा महिला हिंसा जारी रहेको बताए ।



गण्डकी प्रदेशका कानुन, सञ्चार तथा प्रदेशसभा मामिलामन्त्री विन्दुकुमार थापाले प्रत्येक महिला आत्मनिर्भर बन्न सकेमा उनीहरू कुनै पनि प्रकारका हिंसाबाट जोगिन सक्ने बताए । आत्मनिर्भर बन्दै आफ्नै खुट्टामा उभिन सक्ने वातावरणका लागि शिक्षा र सचेतना अपरिहार्य भएको उनले बताए ।

महिला हिंसाका घटना सम्बन्धमा समाजमा उठेका विभिन्न विषयलाई आत्मसात् गर्दै कानुन निर्माण गर्ने प्रक्रियामा गण्डकी सरकार लागिपरेको उनले बताए ।

गण्डकी प्रदेशसभा सदस्य मीना गुरुङले महिलाहरूको एउटै आवाज नहुँदासम्म उनीहरू अधिकारहरूबाट वञ्चित हुने बताउँदै शिक्षासँगै सचेतना अपरिहार्य आवश्यक भएको बताइन् ।

देशमा महिला अधिकारका कानुन निर्माण भए तापनि कार्यान्वयन पक्ष फितलो हुँदा समस्या देखिएको उनको भनाइ छ । पर्यटन व्यवसायी गणेशबहादुर भट्टराईले शिक्षित समाजमा महिला हिंसाका गतिविधि शून्य रहेको तर्क गर्दै घरका अभिभावकले छोराछोरीलाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउनुपर्ने आवश्यकतालाई औंल्याए ।

टेवानकी संस्थापक अध्यक्ष लक्की कार्की क्षेत्रीले परम्परा र संस्कृतिमाथि औंला नउठाई आइपर्ने अवरोध र बाधालाई उजागर गर्नुपर्ने वर्तमानको आवश्यकता भएको बताए । टेवानकी अध्यक्ष रेणु थापा मगरले शिक्षा, सचेतनासँगै महिलाहरू स्वरोजगार बन्न सकेमा त्यसबाट आत्मविश्वास बढ्ने र हिंसाजन्य गतिविधि कम हुने धारणा राखिन् ।

पोखरा उद्योग वाणिज्य संघीकी सदस्य शोभा गौतम, विन्दु कोइराला सुवेदी, अधिवक्ता तारा शर्मा, टेवानका महासचिव शोभा पाण्डे, कार्यक्रम संयोजक पवित्रा पाण्डे लगायतले शिक्षा र सीपको कमीका कारण समाजमा महिलाहरू पछि पर्नुपरेको र त्यसले हिंसाजन्य गतिविधि बढाएको धारणा राखेका थिए ।

## कांग्रेस ...

सदस्य घिमिरे थापासँग दुई मतले पराजित भए । उनी ०५९ सालमा नेवि संघका सभापति थिए । उनी सभापति हुँदा महामन्त्री रहेका गगन थापा अहिले पार्टी महामन्त्रीकै उम्मेद्वार छन् ।

बागमतीमा पनि दुवै पक्षले लोकप्रिय मत तान्न सक्ने नेताहरुलाई उम्मेद्वार बनाएका थिए । बागमती प्रदेशसभा दलका नेता बानियाँसँग संस्थापन इतर समूहले जगदीश्वर निरसिंह केसीलाई उम्मेद्वार बनाएका थिए । सिटौला समूहका अर्का नेता एवम् पूर्व रक्षामन्त्री भीमसेनदास प्रधानले बानियाँलाई समर्थन गर्दा केसी पराजित भए ।

बागमतीमा पौडेल समूहका नेता शर्मालाई पराजित गर्न देउवाले केन्द्रीय सदस्य अर्जुन जोशीलाई अगाडि सारेका थिए । तर उनी शर्मासँग पराजित भए । सूदुरपश्चिम प्रदेशको नेतृत्व हत्याउन सभापति देउवाले प्रभावशाली नेता बीरबहादुर बलायरलाई उम्मेद्वार बनाउँदै जित निकाले ।

प्रदेश-२ मा भने अधिवेशन हुन सकेको छैन । सोमबार पत्रकार सम्मेलन गरी महाधिवेशन आयोजक समितिका संयोजक रमेश रिजालले अधिवेशन स्थगित गरिएको जानकारी दिए । प्रदेश २ को अधिवेशन अब महाधिवेशनपछि गरिने उनले बताए । प्रदेशका आठ जिल्लामा ३२ निर्वाचन क्षेत्र छन् । सर्लाही, सप्तरी र रौतहटबाट प्रतिनिधिको सूची प्राप्त हुन नसकेको निर्वाचन समितिले जनाएको छ ।

निर्वाचन अधिकृत पह्लाद गौतमका अनुसार सर्लाहीका चार निर्वाचन क्षेत्र, बाराको प्रदेश निर्वाचन क्षेत्र २ (ख), सप्तरीको निर्वाचन क्षेत्र नम्बर ४ र रौतहटको निर्वाचन क्षेत्र नम्बर ४ बाट प्रतिनिधि छनौट हुन सकेको छैन । निर्वाचन हुन बाँकी जिल्लाका प्रदेश अधिवेशनमार्फत छनौट हुने प्रतिनिधिको नामवली समावेश गरी बल्ल निर्वाचन प्रक्रिया अघि बढाउनुपर्ने नेता कार्यकर्ताको माग छ । प्रदेश २ को सभापतिका लागि रौतहटकी कृष्णा यादव र प्रदेश सरकारका भौतिक पूर्वाधार विकास तथा यातायातमन्त्री रामसरोज यादवले उम्मेदवारी घोषणा गरेका छन् ।

## शक्ति...

गर्ने उल्लेख गरे । आफू अहिले गठनबन्धनका तर्फबाट प्रधानमन्त्री रहेको अवस्थामा पुनः सभापति हुँदा पार्टी र सरकारले राम्रो गर्ने उनको भनाइ थियो । देउवाले आफू सभापति बन्ने यो मौका अन्तिम पटक भएको र त्यसपछि विधानले नै सभापति बन्न रोक्ने अवगत गराए ।

प्रधानमन्त्री देउवाले फरक प्रसंगमा सत्ता गठबन्धन दलहरुबीच चुनावी गठनबन्धन तत्काल राष्ट्रियसभा सदस्य निर्वाचनसम्मका लागि तय भएको र बाँकी निर्वाचनबारे छलफल गर्ने बताए ।

## जापान...

लामो समयदेखि गरेको प्रयास सफल हुन नसकिरहेको अलरहिम म्यानपावर प्रा.लि.का सञ्चालक अम्बरजित राईले मध्यान्हलाई बताए । उनले भने, 'लामो मेहेनत गरेर जापानको ओभरसिज टेक्निकल ईन्टर्न (ओटीआईटी) प्रोग्राम अन्तर्गत नेपालीका लागि रोजगारी खोज्यौं, जापानको कम्पनीसँग डिल गर्न त्यहीँ बस्ने नेपाली मुलका व्यक्तिलाई अख्तियारी समेत दियौं । तर जापानस्थित नेपाली दूतावासले जापानको ओटीआईटी संस्थामा दर्ता नभएको नेपाली म्यानपावर कम्पनीलाई प्रमाणीकरण गर्न मिल्दैन भन्दै मागपत्र प्रमाणीकरण गरेन, त्यसपछि ओटीआईटीमार्फत जापानमा कामदार पठाउने स्वीकृति पाउँ भन्दै हामीले वैदेशिक रोजगार विभागमा निवेदन दियौं, तर जापान कामदार पठाउने स्वीकृति नलिएको म्यानपावर कम्पनीलाई स्वीकृति दिन मिल्दैन भनी विभागबाट पनि स्वीकृति दिइएन । अब हामी गुनासो लिएर मन्त्रालय जाने तयारीमा छौं ।'

जापान नेपाली कामदारको लामो समयदेखिको आकर्षक रोजगार गन्तव्य हो । जापानमा विदेशी कामदारले मासिक न्यूनतम दुई लाख रुपैयाँभन्दा बढी पारिश्रमिक पाउँछन् भने जापानले आफ्ना नागरिकसरह विदेशी कामदारलाई सेवासुविधा दिँदै आएको छ । व्यवसायी राईले सरकारबाट अनुमति पाए आफ्नो कम्पनीले एक वर्षको अवधिमा मात्रै कम्तीमा ३ सय नेपाली कामदार पठाउने गरी प्राविधिक इन्टर्न प्रणाली अन्तर्गत सम्झौता गरिसकेको बताए । 'अल रहिम म्यानपावर कम्पनीले जापानले तोकेको तालिम दिएर कामदार जापान पठाउने छ, नेपाली कामदारका लागि नयाँ अवसरको सिर्जना गर्ने छ,' संचालक राईले भने ।

जापानले नर्सिङ, सुरक्षा गार्ड, उत्पादनमूलक उद्योग, होटल तथा आतिथ्य व्यवसाय, कृषि, मत्स्य संकलन, खाद्य प्रशोधन तथा खाद्य आपूर्तिमा नेपालसहित चीन, इन्डोनेसिया, म्यानमार, मंगोलिया, थाइल्यान्ड, फिलिपिन्स, भियतनामलगायत नौ देशबाट कामदार लैजाने निर्णय गरेको थियो । अन्य देशबाट कामदार गएर काम गरिसके पनि नेपालबाट अझैसम्म कामदार जान पाएका छैनन् । खाडी र मलेसियाको तुलनामा धेरै गुणा बढी तलब पाउने र सुरक्षित पनि रहेको जापानमा कामदार पठाउन नेपालले आलटाल गर्नु बुद्धिमानी नहुने पनि राईले बताए । उनले भने, 'नेपालले समयमै जापान कामदार पठाउन सकेन भने जापानमा पाइने रोजगारीको अवसरबाट नेपालीहरु सदाका लागि बञ्चित हुन सक्छन् ।'

## अख्तियारद्वारा....

त्यस्तै आयोगले आर.के. फोटोकपी संचालकद्वय खेम प्रसाद काफ्ले र राजेश पोखरेललाई मतियार अन्तर्गत १३ हजार दुई सय ९२ रुपैयाँ बिगो कायम गरी मुद्दा दायर गरेको छ । उनीहरूमाथि आर.के. फोटोकपीमा आएका सेवाग्राहीलाई बीमा तथा श्रम स्वीकृतिको अनलाइन फारम भरी श्रम स्वीकृति छिटो छरितो उपलब्ध गराइदिन भित्र राम्रो लिंक छ भन्दै २१ हजार दुई सय ९२ रूपैयाँ लिई उक्त रकम मध्येबाट आठ हजार नायब सुब्बा पोखरेललाई दिएको देखिएकाले आयोगले सोही अनुसार दाबी लिएको प्रवक्ता नारायण प्रसाद रिसालले बताएका छन् ।


**कतारमा रोजगारको अवसर** | कम्पनी : AL KALHA RESTAURANT
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७७/१०/२५    चलानी नं.: ६०१५४६९२    LT. No.: 235934    पूनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 10 | 0 | स. काममा दक्ष | 1000 | ३२,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २८ गते (14 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**स्काई स्टार रिक्रुटमेन्ट प्रा. लि.**
श्रम इजाजत नं. १०७८/०७३/०७४
सुकेधारा-४, काठमाडौं, (साविकः रातोपुल), नेपाल
फोन नं.: ०१-५९०२३४६, ५९०२३४४, पो. ब. नं.: १९१२२
Email: raza786md@yahoo.com, skystar1078@gmail.com, info@skystarrecruitment.com, website: wwwskystarrecruitment.com

**KUWAIT मा रोजगार** | कम्पनी : HOMRA / HAMRA AND KEHEL LADIES BEAUTY SALON COMPANY
शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०७८/०७/३०    चलानी नं.: ६०१६७६८३    L.T. No.: 250834    पूनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Dresser | 0 | 5 | सम्बन्धित काममा दक्ष | 150 | ५९,४९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Pedicure Manicure | 0 | 7 | सम्बन्धित काममा दक्ष | 150 | ५९,४९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |


अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ मंसिर २८ गते (14 December 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**ईभ नेपाल ओभरसिज प्रा.लि.**
श्रम ईजाजत नं. १०७३/०६८/६९
शान्तिनगर, काठमाडौं, फोन नं. ४१०७५२०, ४६२२४२६, फ्याक्सः: ४६२२४३६

# सीमा नाका झुलाघाटमा आवतजावतमा कडाइ



गणेश सिंह धामी/मध्यान्ह
दार्चुला, २० मंसिर

भारतमा कोरोनाको नयाँ भेरियन्ट ओमिक्रोनको संक्रमण देखिएपछि बैतडीमा भारतबाट फर्केकाहरुलाई अनिवार्य क्वारेन्टिनमा बस्नुपर्ने भएको छ।

कोरोनाको नयाँ भेरियन्ट नफैलियोस भन्नका लागि भारतबाट फर्केका नागरिकलाई अनिवार्य सात दिन क्वारेन्टिनमा बस्न आग्रह गरिएको जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी खगेन्द्र भारतीले मध्यान्हलाई बताए।

भारतबाट फर्केका नागरिकलाई होम क्वारेन्टिनमै बस्ने गरी व्यवस्था मिलाउन र त्यसको अनुगमन गर्न स्थानीय तहहरुलाई पत्राचार समेत गरिएको उनले बताए।

यस्तै सीमा नाका झुलाघाटबाट फर्कने नागरिकहरुको एन्टिजेन परीक्षण गर्ने गरिएको र उनीहरुलाई क्वारेन्टिनमा बस्नका लागि सल्लाह दिने गरिएको सूचना अधिकारी भारतीले बताए। कोरोनाको नयाँ भेरियन्ट देखिएपछि सीमा क्षेत्रमा भारतीय प्रशासनले पनि कडाइ गरेको छ।

झुलाघाट नाकाबाट भारत प्रवेश गर्नेहरुले अनिवार्य खोप कार्ड देखाउनुपर्ने भएको छ। भारतीय प्रशासनले कोरोना विरुद्धको खोप लगाएको कार्ड भए मात्रै भारत पस्न दिने गरेको छ।

पिथौरागढ जिल्लाधिकारीको कार्यालयले जिल्ला प्रशासन कार्यालय बैतडीलाई पत्र लेखेर नेपालबाट भारत पस्नेहरुलाई अनिवार्य कोरोनाविरुद्धको खोप लगाएको कार्ड हुनुपर्ने बताएको छ। कार्ड नभएकाहरुलाई सीमाबाट भारततर्फ जान नदिने एसएसबीले बताएको छ।


## साउदी र कतारमा रोजगार

१. कम्पनी: AHMED SALEH AL ABBAS TRANSPORT EST — शहर : DAMMAM

पूर्व स्वीकृत मितिः २०७८/०८/१६ चलानी नं.: ६०१६९४८९ L.T. No.: 252259

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | truck driver | 5 | 0 | स. काममा दक्ष | 1800 | ५७,५६४ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: ELECTRO MECHANICAL CO WLL QATAR (QEMC) — शहर : QATAR

पूर्व स्वीकृत मितिः २०७८/०८/१७ चलानी नं.: ६०१६९७१६ L.T. No.: 252489

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 16 | 0 | स. काममा दक्ष | 1100 | ३६,२३४ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी: BROWN HEART FOUNDATION TO SERVE DRINKS — शहर : SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०८/१६ चलानी नं.: ६०१६९४९० L.T. No.: 252260

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee and tea makers and others | 3 | 0 | स. काममा दक्ष | 1200 | ३८,३७६ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २८ गते (14 December 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**GRAND SUITE JOB PVT. LTD.**
Koteshwor-32, Kathmandu, Tel : 5100475, Fax : 5100475
E-mail: info@grandsuitejob.com, Web.: www.grandsuitejob.com.np
श्रम इजाजत नं.: ८८०/०६७/०६८


## चौकुने गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

गुटु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

### बोलपत्रस्वीकृत गर्ने आशयको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८/०८/२१)

यस कार्यालयले चौकुने गाउँपालिकाका बिभिन्न सडकहरुको निर्माण कार्यका लागि ह्याभि इक्युपमेन्ट भाडामा लिनका लागि मिति २०७८।०८।०५ गते श्री मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्वन्धि सूचना बमोजिम हार्डकपी पेश भएका बोलपत्रहरुको न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीको लागि सिफारिस भई आएकोमा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बद्ध सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशील:

| सि.नं | बोलपत्रदाताको नाम र ठेगाना | ह्याभि इक्युपमेन्टको प्रकार | कवोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|
| 1 | LG निर्माण सेवा चौकुने ७ सुर्खेत | एस्काभेटर (ब्रेकर बाहेक) | 4600 per hr |
| 2 | LG निर्माण सेवा चौकुने ७ सुर्खेत | एस्काभेटर (ब्रेकर सहित) | 5050 per hr |
| 3 | त्रिमुर्ति निर्माण सेवा चौकुने १ सुर्खेत | ब्याक्होलोडर | 2000 per hr |
| 4 | कृष्ण एण्ड तृष्ण कन्स्ट्रक्सन चौकुने ८ सुर्खेत | ब्याक्होलोडर | 2000 per hr |
| 5 | हरि नरेश एण्ड खडक निर्माण सेवा चौकुने ८ सुर्खेत | टिप्पर | 12000 per day |
| 6 | कृष्ण एण्ड विशाल कन्स्ट्रक्सन चौकुने ८ सुर्खेत | टिप्पर | 12000 per day |
| 7 | उदय सागर निर्माण सेवा | टिप्पर | 12000 per day |

## धरान उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

धरान, सुनसरी

### बोलपत्र आह्वान सम्बन्धी ३० दिने सूचना

**बोलपत्र फारामको प्रकार, किसिम, फाराम दस्तुर, बोलपत्रपत्र जमानत रकम, पेश गर्ने मिति समय लगायत खोलिने मिति, समय र स्थान निम्न अनुसार हुनेछ।**

**प्रथम पटक प्रकाशित मितिः २०७८/०८/२१**

प्रस्तुत सन्दर्भमा यस कार्यालयको ***Sahid Marga Drain and Engineering Campus Quarter Block, Compound Wall Construction Dharan -8/15*** को लागि बिद्धुतिय माध्यमबाट बोलपत्र खरिद गर्नुपर्ने भएकोले उक्त निर्माण कार्य गर्न इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, निर्माण व्यवसायहरुले देहायका शर्तहरुको अधीनमा रहि रीत पूर्वकको तपसिलमा उल्लेख भएको ठेक्का नं. ***03/DHARAN/WORKS/NCB 078/79*** बमोजिम बोलपत्रपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ। यस कार्य प्रयोजनका लागि www.bolpatra.gov.np/egp पोर्टलको माध्यमबाट इ-बिडीङ्ग मार्फत् पेश गर्न सकिने छ। अन्य थप जानकारीका लागि यस कार्यालयको खरिद उपशाखा तथा कार्यालयको सूचना पार्टीमा टाँस भएको बिस्तृत सूचना अध्ययन गर्न सकिने व्यहोरा सम्बन्धित सम्पूर्ण जानकारीका लागि अनुरोध छ।

| ठेक्का नं. | विवरण | स्वीकृत ल.ई | फारम दस्तुर | बोलपत्र पत्रजमानत रकम | बोलपत्र प्रकाशन मिति | पेश गर्ने अन्तिम मिति र समय | खोलिने मिति/समय र स्थान |
|---|---|---|---|---|---|---|---|
| 03/DHARAN/WORKS/NCB/078/79 | Sahid Marga Drain and Engineering Campus Quarter Block, Compound Wall Construction dharan-8/15 | रु.१,८६,९२,०३१/९४ | रु.३०००/- | रु.४,७०,०००/- | २०७८/०८/२१ | २०७८/०९/२२ गते दिउँसो १२ बजेसम्म | २०७८/०९/२२ गते दिउँसो १३ बजे धरान उप-महानगरपालिकाको कार्यालय |


## HOSPITALITY TRAINING

Hilton Academy Pvt.Ltd. — A great place for career

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला।

कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation

विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं।



नोट: ६ महिने Professional Diploma in Hotel Management (PDHM) पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN गरिएको जानकारी गराउदछौं

सम्पर्क
**Hilton Academy**
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484



## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी : MARINA FACILITIES MANAGEMENT L.L.C., ABU DHABI

पूर्व स्वीकृत मितिः २०७७/०९/१२ चलानी नं.: ६०१५३९७१ L.T. No.: 235541 पून बिज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Cleaner | 11 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २६,१२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Female Cleaners | 0 | 31 | | 900 | २९,३९४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २८, २९ र पुष १ गते (14, 15 & 16 Dec. 2021) मा हुनेछ।**



| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।



**AMAN OVERSEAS PVT. LTD.**
Kalopul, Kathmandu, Nepal, Tel.: 01- 4412370, 4412377, 9802749215
Email.: info@amanoverseas.com.np, Web.: www.amanoverseas.com.np
Govt. Lic. No. 1262/074/075

## साउदीमा रोजगार

१. कम्पनी: Qemat Falcons Contracting Company Is a One Person Company — शहर : RIYADH

पुर्व स्वीकृत मितिः २०७८/०८/१९ चलानी नं.: ६०१६९५७५ L.T. No.: 251777

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 25 | 0 | स. काममा दक्ष | 1000 | ३१,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २८ गते (14 December 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**अल-हरमैन एच.आर. प्रा. लि.**
पो.ब.नं. २१२५३, सिनामंगल-९, काठमाडौ, नेपाल, फोन: ०१-४४८४८१०
Email: alharmainhr18@gmail.com, info@alharmain.com.np, Web: www.alharmain.com.np
श्रम इजाजत पत्र नं.: ११६०/०७३/०७४

## कुवेतमा रोजगार

१. कम्पनी: LIVUP RESTAURANT & CAFE CO. — शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०७८/०८/२० चलानी नं.: ६०१६९७०६ LT. No.: 252984

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 10 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ३९,६६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Kitchen Staff | 10 | 0 | | 120 | ४७,५९९ | | | | | | | |
| 3. | Barista | 10 | 0 | | 120 | ४७,५९९ | | | | | | | |
| 4. | Waiter/Waitress | 10 | 10 | | 120 | ४७,५९९ | | | | | | | |
| 5. | cleaner | 10 | 0 | | 110 | ४३,६३२ | | | | | | | |
| 6. | Hostess | 0 | 10 | | 120 | ४७,५९९ | | | | | | | |

२. कम्पनी: REFRIGERATION INDUSTRIES AND STORAGE COMPANY — शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०७८/०८/२० चलानी नं.: ६०१६९७०७ LT. No.: 252881

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mechanic | 10 | 0 | स. काममा दक्ष | 125 | ४९,५८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Assistant Technician | 30 | 0 | | 135 | ५३,५४९ | | | | | | | |
| 3. | Loading Worker | 50 | 0 | | 90 | ३५,६९९ | | | | | | | |
| 4. | Electrician | 10 | 0 | | 110 | ४३,६३२ | | | | | | | |
| 5. | Security Guard | 10 | 0 | | 220 | ८७,२६५ | | | | | | | |
| 6. | Installation Worker | 50 | 0 | | 110 | ४३,६२३ | | | | | | | |
| 7. | Cleaner | 20 | 0 | | 90 | ३५,६९९ | | | | | | | |
| 8. | Office Boy | 10 | 0 | | 100 | ३९,६६६ | | | | | | | |
| 9. | Ac Worker | 50 | 0 | | 125 | ४५,५८२ | | | | | | | |
| 10. | Duct Worker | 50 | 0 | | 140 | ५५,५३२ | | | | | | | |
| 11. | Fittings Worker | 100 | 0 | | 110 | ४३,६३२ | | | | | | | |



**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २८ गते (14 December 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।



**निलकमल ह्युमन रिसोर्स प्रा. लि.**
सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं नेपाल
फोन: ४११२७१३, ४११२७१४, मो.: 9818394474, 9802099411
Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com
Gov. lic. No. 793/065/66

## MALTA र SAUDI मा रोजगार

१. कम्पनी : JOBZCO LIMITED — शहर: MALTA

पूर्व स्वीकृत मितिः २०७८/०८/२० चलानी नं.: ६०१६९६८० LT. No.: 251635

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | House Keeping | 50 | 0 | सम्बन्धित काममा दक्ष | 785 | १,०६,५६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner | 40 | 0 | | 785 | १,०६,५६३ | | | | | | | |
| 3. | Waiter | 50 | 0 | | 785 | १,०६,५६३ | | | | | | | |
| 4. | Kitchen Helper | 30 | 0 | | 785 | १,०६,५६३ | | | | | | | |
| 5. | Cook | 30 | 0 | | 900 | १,२२,१७५ | | | | | | | |
| 6. | Bartender | 30 | 0 | | 900 | १,२२,१७५ | | | | | | | |
| 7. | Front Office Clerk | 3 | 0 | | 900 | १,२२,१७५ | | | | | | | |
| 8. | Restaurent Supervisor | 3 | 0 | | 1000 | १,३५,७५० | | | | | | | |
| 9. | Dish Washer | 16 | 0 | | 785 | १,०६,५६३ | | | | | | | |

२. कम्पनी : HADITH AWASR AL JAZEERA TRADING EST — शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०८/२० चलानी नं.: ६०१६९६९१ LT. No.: 252763

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ३८,३७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ मंसिर २८ गते (14 December 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | माल्टाको रु ७०,०००/- साउदीको रु १०,०००/- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**मित्र ओभरसिज सर्भिस प्रा. लि.**
सिनामंगल-९, काठमाडौं, फोन: ०१-४११०६८८
Email: nknabin@gmail.com, mitraoverseas@yahoo.com
श्रम इजाजत नं. २९७/०५८/०५९

## सम्पादकीय


# खतराको घण्टी

दक्षिण अफ्रिका भएर फैलिएको कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोन नेपालमा पनि देखिएको छ । स्वास्थ्य मन्त्रालयले सोमबार पत्रकार सम्मेलन गरी दिएको जानकारी अनुसार विदेशबाट आएको एक नागरिकबाट नयाँ भेरियन्ट भित्रिएको हो । ती विदेशी नागरिकको सम्पर्कमा रहेका अर्का नेपाली नागरिकलाई पनि संक्रमण देखिएको छ । दक्षिण अफ्रिकामा पहिलो पटक पुष्टि भएको नयाँ भेरियन्टको संक्रमण छिमेकी भारतमा शुक्रबार देखिएको थियो । समाचार एजेन्सीहरूका अनुसार भारतमा नयाँ भेरियन्टको भाइरस सोमबार चार गुणाले बढेको छ । तेस्रो मुलुकबाट आएका नागरिकसँगै नयाँ भेरियन्टको संक्रमण देखिएकाले नेपालमा उच्च सतर्कताको खाँचो देखिएको छ । सरकारले दक्षिण अफ्रिका सहित ९ देशबाट नेपाल प्रवेशमा रोक लगाइसकेको छ ।

अफ्रिकी मुलुकहरूबाट प्रवेश रोक लगाए पनि नेपालमा संक्रमण देखिएकाले थप परीक्षणको आवश्यकता समेत बढेको छ । स्वास्थ्य मन्त्रालयका अनुसार, ती संकास्पद व्यक्तिको सम्पर्कमा रहेका ६६ जनामा परीक्षण गरिएको छ । त्यसमध्ये दुई जनामा ओमिक्रोनको संक्रमण देखिएको हो । संक्रमण पुष्टि भइसकेकाले थप परीक्षण बढाउनुसँगै सरकारले सतर्कताका अन्य विकल्प रोज्न ढिलाइ गर्न हुन्न । विशेषगरी दक्षिण छिमेक भारतमा संक्रमण दर बढी भएकाले स्थलगत सीमामा समेत आवश्यक प्रबन्ध गर्न जरूरी छ । खुला सिमाना रहेको र आवात–जावात समेत बढी हुने भएकाले आवश्यक व्यवस्था गर्न ढिलाइ गर्न हुन्न । पहिलो र दोस्रो लहरको संक्रमणबाट पाठ सिकेर पनि सरकार र सरोकारवालाहरूको ध्यान यसतर्फ जान जरूरी छ । पहिलो लहरको संक्रमणमा सरकारले आवश्यक सतर्कता अपनाउन भन्दा पनि बढी त्रसित बातावरण थियो । त्यसैले संक्रमण रोक्न अपनाइएको देशब्यापी लकडाउनले रोकथाम प्रभावकारी हुन सकेन भने मुलुकले आर्थिक तथा मानवीय क्षति बेहोर्नु पर्‍यो । दोस्रो लहरको संक्रमणबाट नागरिकको जीवन रक्षा गर्न पर्याप्त समय सरकारसँग थियो । तर संक्रमणको खतरा नटरेको र खोपको विकास भइनसकेको अवस्थामा सरकारले रोकथामको आवश्यक प्रबन्ध गर्न सकेन । बरू राजनीतिक अस्थिरतका कारणले कोरोना संक्रमणलाई थप बढाउने कार्यमा दलहरू सक्रिय बने । अहिले पनि दलहरूले एकअर्का बीच शक्ति प्रदर्शन सहित महाधिवेशनमा व्यस्त छन् । दलहरूको राजनीतिक जीवनमा यस्ता गतिविधि स्वभाविक हुन्, तर त्यो भन्दा पनि नागरिकको जीवनरक्षालाई प्राथमिकतामा राख्न आवश्यक छ ।

# प्रतिगमनको बढ्दो खतरा

प्रतिगमनकारीहरुले गणतन्त्र, धर्मनिरपेक्षता र बहुदलीय व्यवस्थाका विरुद्ध अभियान चलाइरहेका छन् । अहिले देशमा प्रतिगमनको खतरा बढिरहेको, ओलीले प्रतिगमनको दिशा लिँदै गएको र भारतीय साम्राज्यवादले समेत प्रतिगामी शक्तिहरूलाई समर्थन गरेकाले प्रतिगमनको खतरा गम्भीर बनेको हो ।



● मोहनविक्रम सिंह

### एमसीसी र सत्ता गठबन्धन

अमेरिकाले एमसीसी (मिलिनियम च्यालेञ्ज कर्पोरेशन) लाई संसदबाट पारित गर्नको लागि मंसिर २८ गते सम्मको अल्टिमेटम दिएको छ। अहिले सरकारले मंसिर २८ गतेको लागि संसदको हिउँदे अधिवेशन बोलाएको छ । त्यस प्रकारको पृष्ठभूमिमा मंसिर २८ गते नै एमसीसीलाई पारित गर्न सरकारले एमसीसी सम्बन्धी प्रस्ताव संसदमा प्रस्तुत गर्ने त होइन ? अहिले गम्भीर आशंका उत्पन्न भएको छ।

पाँच दलीय गठबन्धनले एमसीसीलाई न्यूनतम कार्यक्रममा राखेको छैन । त्यो अवस्थामा बाह्य दबावमा त्यसलाई संसदद्धारा पारित गराउन प्रयत्न गर्नु अवश्य पनि सही हुनेछैन । हाम्रो पार्टीको यो स्पष्ट र दृढ मत छ कि एमसीसी नेपालको बृहत्तर र दीर्घकालीन हितका विरुद्ध छ। त्यसकारण त्यसलाई खारेज गर्नुपर्ने आवश्यकतामा हामीले लगातार जोड दिँदै आएका छौँ । अहिले पनि हामी त्यो मतमा दृढ छौँ र संसदभित्र वा बाहिर हामीले त्यस प्रकारको कुनै पनि प्रस्तावको विरोध गर्ने छौं । तथापी एमसीसीको विषयमा राजावादी र केपी शर्मा ओली नेतृत्वको शक्तिसँग सहकार्य गर्ने विषयमा भने सहमत हुन सकिन्न ।

### फासिस्ट बन्ने योजनामा ओली

हालै नेकपा (एमाले)को दशौँ राष्ट्रिय महाधिवेशन सम्पन्न भएको छ । प्रथमतः त्यो महाधिवेशननै होइन र महाधिवेशनको नाममा एउटा प्रहशन मात्र हो । त्यसमा खाली उद्घाटनमा शक्ति प्रदर्शन गर्ने तथा नेतृत्वको निर्वाचन गर्ने काम मात्र गरिएको छ । त्यसमा पार्टीको नीति र कार्यक्रम सम्बन्धी छलफलको ऐजण्डा नै राखिएको थिएन । त्यसैले त्यो कार्यक्रम वास्तवमा महाधिवेशन होइन । त्यसको उद्देश्य ओलीलाई सर्वशक्ति सम्पन्न बनाउनु मात्र हो ।

एमालेको दशौँ महाधिवेशनद्धारा एमालेभित्र लोकतान्त्रिक स्वरुप सम्पूर्ण रुपले समाप्त त भएको नै छ। महाधिवेशनसँगै एमाले एउटा एकाधिकारवादी संगठन भएको छ । त्यसले गर्दा त्यसबाट देशमा प्रतिगमन र अधिनायकवाद वा फासिष्ट शासनको खतरा पनि बढेर गएको छ । अहिले पनि ओलीको सारा जोड मध्यावधि चुनावमा छ । चुनावमा उनले अत्यधिक बहुमत प्राप्त गर्ने दाबी गरेका छन् । चुनावद्धारा उनले दाबी गरेअनुसार एमालेलाई अत्यधिक बहुमत प्राप्त भएमा उनको प्रयत्न संविधानमा संशोधन गरेर देशलाई प्रतिगमनतिर लैजाने नै हुनेछ । त्यसका साथै उनको व्यक्तिवादी, स्वेच्छाचारी र अधिनायकवादी कार्यशैलीमाथि समग्र रुपले विचार गर्दा उनको नेतृत्वमा देशमा फासिष्ट शासन कायम हुने पनि खतरा छ ।

ओलीद्धारा सम्भावित प्रतिगमन र फासिष्ट शासनको खतरालाई पराजीत गर्नु अहिलेको राष्ट्रिय आवश्यकता भएको छ। पाँच दलीय गठबन्धनले मात्रै त्यो कार्य अर्थात् ओलीलाई चुनावमा पराजित गर्न र, त्यसरी प्रतिगमन र फासिष्ट शासनलाई रोक्न सक्दछ। त्यो उद्देश्य पूरा गर्नको लागि त्यो बाहेक अन्य कुनै विकल्प छैन। तर अहिले कैयौँ दिशाबाट त्यो गठबन्धनलाई टुटाउन प्रयत्न भइरहेका छन्। यदि त्यस्तो भयो भने त्यसको अर्थ देशलाई प्रतिगमन र फासिष्ट शासनको मुखमा धकेल्नु नै हुनेछ । त्यसैले आपसका कैयौं मतभेदका बाबजुत चुनावसम्म अहिले बनेको गठबन्धनलाई निरन्तरता दिनुपर्ने आवश्यकता छ।

### परिर्वतन उल्ट्याउने षडयन्त्रमा राजावादी र ओली

राप्रपाको महाधिवेशन पनि भर्खरै सम्पन्न भएको छ। त्यसमा पूर्व राजाद्वारा समर्थित पक्ष नै विजय भएको छ। पहिलेको नेतृत्वले राजतन्त्र र हिन्दू राष्ट्रका मुद्दाहरूलाई प्रभावशाली प्रकारले लैजान नसकेको भनेर नै पूर्व राजाद्वारा पहिलेको नेतृत्वलाई पाखा लगाउने काम गरिएको छ । मुख्य प्रश्न, राप्रपाको नेतृत्वमा को आउँछ र को जान्छ भन्ने होइन । देशको प्रतिगामी धाराको मुख्य नेतृत्व पूर्व राजाद्वारा नै गरिएको छ । त्यसकारण राप्रपाको पूर्व नेतृत्वद्धारा राजतन्त्र र हिन्दु राष्ट्रका मुद्दाहरु प्रभावशाली प्रकारले अगाडि बढ्न नसक्नुको कारण राजाको नेतृत्व नै असफल हुनु हो र राप्रपाको नेतृत्वमा हुने हेरफेरले त्यो अवस्थामा कुनै फरक ल्याउने छैन । अहिलेको राप्रपाको चुनाव, त्यसमा राजाको हस्तक्षेप स्वयम्राप्रपाका पूर्व अध्यक्ष कमल थापाले सार्वजनिक गरेको वक्तव्य समेतबाट यो कुरा प्रष्ट भएको छ कि त्यो (राप्रपा) कुनै स्वतन्त्र राजनीतिक संगठन नभएर पूर्व राजाको निर्देशनमा चल्ने एउटा दलाल राजनीतिक पार्टी मात्र हो ।

> अहिले पनि ओलीको सारा जोड मध्यावधि चुनावमा छ । चुनावमा उनले अत्याधिक बहुमत प्राप्त गर्ने दाबी गरेका छन् । चुनावद्वारा उनले दाबी गरेअनुसार एमालेलाई अत्यधिक बहुमत प्राप्त भएमा उनको प्रयत्न संविधानमा संशोधन गरेर देशलाई प्रतिगमनतिर लैजाने नै हुनेछ । उनको कार्यशैलीमाथि समग्र विचार गर्दा उनको नेतृत्वमा देशमा फासिष्ट शासन कायम हुने पनि खतरा छ ।

गणतन्त्र र धर्मनिरपेक्षताको विरोध गर्ने नीतिहरुले देशको ऐतिहासिक अवस्था र जनचेतना समेतसित मेल खादैनन् । त्यसैले त्यो दिशामा उठाइएका पूर्वराजाका प्रयत्नहरु लगातार असफल हुँदै गएका छन । अहिलेको राप्रपाको महाधिवेशनबाट त्यो कुरा अरु छर्लङ्ग भएको छ । आगामी दिनमा पनि तिनीहरुको पराजय निश्चित छ । राजावादीहरूको त्यस प्रकारको असफलता र त्यो कारणले उनीहरुमा पैदा भएको निराशा र कुण्ठाका कारणले पूर्वराजा र राजावादीहरूले गणतन्त्र र धर्मनिरपेक्षताका विरुद्ध आफ्नो अभियानलाई अरु तिव्र बनाएर लैजाने सम्भावनालाई अस्वीकार गर्न सकिन्न । उनीहरुको त्यस प्रकारको प्रतिगामी अभियानमा ओली पक्ष पनि थपिएको छ र भारतका कट्टर हिन्दूवादी शासकवर्गहरूले पनि उनीहरुलाई बल पुऱ्याइरहेका छन् । उक्त कारणहरूमाथि विचार गरेर प्रतिगामी खतरालाई हल्का रूपमा लिनु पनि सही हुने छैन । त्यसकारण प्रतिगमनको खतराका विरुद्ध तथा आन्दोलनद्धारा प्राप्त उपलब्धिहरूको रक्षाका लागि उच्च जनचेतना र आन्दोलन उठाउन परिवर्तनकारीहरुले लगातार ध्यान दिनुपर्ने आवश्यकता छ । त्यसका लागि लोकतन्त्र, गणतन्त्र र धर्मनिरपेक्षता पक्षधर सारा शक्तिहरूमा उच्च प्रकारको सतर्कता र ऐक्यवद्धताको आवश्यकता छ ।

राजावादी वा अन्य कतिपय पक्षहरूले राष्ट्रियताको रक्षाका लागि राजाको भूमिका आवश्यकता भएको कुरामा जोड दिने गरेका छन् । तर हामीले के बिर्सनु हुँदैन भने देशमा राजाको निरंकुश शासन भएको बेलामा नै कालापानीमा भारतीय सेनाले कब्जा गरेको थियो र त्यसका विरुद्ध तात्कालिक शासकहरुले एक शब्द पनि उच्चारण गरेका थिएनन् । उनीहरुले नेपालको राष्ट्रियता र सार्वजनिकताका विरुद्ध कैयौं असमान सन्धिहरू पनि गरेका थिए । अहिले पनि उनीहरुले भारतीय साम्राज्यवादसित साँठगाँठ गरेर नेपाललाई हिन्दु राष्ट्र बनाउने र राजतन्त्रको पुनर्स्थापना गर्ने प्रयत्न गरिरहेका छन् । त्यो अवस्थामा राजाद्धारा राष्ट्रियताको रक्षा हुन्छ भनेर सोच्नु राजनैतिक दिवालीयापन नै हो ।

### निष्कर्षमा

अहिले उग्रवामपन्थी, संकीर्णवादी, प्रतिगामी शक्तिहरुसँग मिलेर राजावादीहरूले प्रतिगामी नीति बनाउन थालेका छन् । राजावादीहरूले गणतन्त्र, धर्मनिरपेक्षता र बहुदलीय व्यवस्थाका विरुद्ध अभियान चलाइरहेका छन् । अहिले देशमा प्रतिगमनको खतरा बढिरहेको, ओलीले प्रतिगमनको दिशा लिँदै गएको र भारतीय साम्राज्यवादले समेत प्रतिगामी शक्तिहरूलाई समर्थन गरेकाले प्रतिगमनको खतरा गम्भीर बनेको कुरा प्रष्ट छ । उनीहरुको जोड यो कुरामा छ कि संसदीय प्रणाली धेरै नै बदनाम भइसक्यो । त्यही प्रकारले उनीहरुले देशमा विद्यमान गणतन्त्रलाई पनि प्रतिगामी घोषित गरेका छन् ।

विश्व स्तरमा संसदीय प्रणाली प्रतिगामी भएको र नेपालमा पनि त्यो धेरै नै बदनाम वा असफल भएको कुरा सत्य हो । तर नेपाल जस्तो अझै पनि सामन्ती वा प्रतिगामी खतरा भएको र राजावादीहरूद्धारा गणतन्त्र, बहुदलीय व्यवस्था वा धर्मनिरपेक्षतामाथि हमला बढ्दै गइरहेको अवस्थामा बहुदलीय व्यवस्था वा गणतन्त्रमाथि हमला गर्नु प्रतिगामीहरूको हातमा खेल्नु नै हुनेछ । परिवर्तनकारीहरुले सैद्धान्तिक र रणनैतिक रूपले विद्यमान संसदीय प्रणाली वा गणतन्त्रको विरोध वा भण्डाफोर गर्दै कार्यनीतिक दृष्टिकोणले तिनीहरूको रक्षा गर्नु अहिलेको ऐतिहासिक र राष्ट्रिय आवश्यकता हो ।

*(नेकपा (मसाल)को पीवीएम, सीसीएम बैठकमा पार्टी महामन्त्री मोहनविक्रम सिंहले वर्तमान राजनीतिक अवस्थाबारे राखेको धारणाको सम्पादित अंश ।)*

## सामाजिक सञ्जाल



**-सरोज पोखरेल**

कमल थापाले राजा नबोक्ने भै हाले, हिन्दु धर्म एमालेको अघोषित एजेण्डै हो । फेरि ओलीको पार्टीमा उनको जयजयकार गरेपछि जो पनि अटाउछ । आखिर थापा जि ओलीलाई राष्ट्रवादी नेता मान्ने मध्ये कै एक हुन । त्यसैले, यसो भने जस्तो दर्जा पाए थापा काजी एमालेमा जान राजी नहोलान् भन्न सकिँदैन ।




**- कृष्ण घिमिरे**

पटक–पटक परिक्षित र असफल । विश्वासको आधार छैन । राजनीतिक शिद्धान्तहिन भए पनि राप्रपा कार्यकर्ताले पुरानो लेउ फाले, नेतृत्वमा पुस्तान्तरण गरे । कांग्रेसजन सिक । केन्द्रिय नेतृत्व चयनमा पक्ष विपक्ष, दास र भाट प्रवृति छोडेर पुरानो लेउ फाल । परिवर्तन समयको माग, नेकाको भविष्यसँग जोडिएको छ ।



**- बाबुलाल भण्डारी**

नेपाली कांग्रेसभित्र निकै थोरै राम्रा मान्छे मध्ये गुरूराज घिमिरे एकजना लाग्थ्यो । तर, शेखर कोइराला, सुजाता कोइराला र महेश आचार्यहरूले मतदान स्थलमा पुगेर पनि मतदान नगर्दा उनले २ मतले हारेछन् । कोइरालाहरूले सानो मान्छेलाई भोट हालेर आफ्नो उचाइ किन पो घटाउँथे ?



**- कमला परियार**


पुर्व/पञ्च, मण्डले, कुण्डलेहरू पाँच सय जनाको जुलुस निकालेर, ३/४ सिट जितेर राजासहितको हिन्दुराष्ट्र फर्काउन अब सहज छैन । लगभग १७ हजार मानिसको बलिदान र देशै उर्लिएर फालिएको यिनको राजा यति सजिलै फर्किने भए महाकाली नदी भारततिर हुत्त फर्किन्थ्यो !



**- निर्मल प्रसाईं**

शेखर कोइराला, सुजाता कोइराला र महेश आचार्यले भोट नहाल्दा शालीन एवम् बौद्धिक नेता गुरू घिमिरे पराजित भएका रहेछन् । कोइराला खानदानलाई कांग्रेस पार्टी सुम्पनु भनेको दरबारीयाको हातमा गणतन्त्र बुझाउनु जस्तै हो ! टोटल सामन्ती !

## टिप्पणी



● सन्दीप पनेरू

# विघटन उन्मुख सत्ता गठबन्धन

एमसीसीको मुद्दामा देउवालाई गठबन्धनभित्रबाट भन्दा बाहिरबाट सहयोग छ । एमालेसँग एमसीसीको मुद्दामा देउवा एकमत देखिन्छन् । एमसीसीकै कारण पनि अहिले गठबन्धन विघटन उन्मुख अवस्थामा पुगेको देखिन्छ । एमसीसी जसरी पनि पास गराउनुपर्ने दबाबमा रहेका देउवालाई गठबन्धनको विकल्प खोज्न बाध्य पारेको जस्तो देखिएको छ ।

सत्ता सञ्चालन गरिरहेको पाँच दलीय गठबन्धन विघटन उन्मुख देखिएको छ । आगामी आमनिर्वाचनसम्मै गठबन्धन कायम रहने बताइरहेको बेला गठबन्धन विघटनको अवस्थामा पुगेको हो । प्रधानमन्त्रीसमेत रहेका कांग्रेस सभापति शेरबहादुर देउवाले सोमबार आफुँ निकटका पत्रकारहरुलाई बोलाएर गठबन्धन भाँडिने अवस्थामा पुगेको स्पष्ट पारेका हुन् । देउवाले फागुनमा हुने राष्ट्रियसभा निर्वाचन पछि गठबन्धन रहने सम्भावना कम भएको बताएका छन् । 'अहिलेको गठबन्धन राष्ट्रियसभाको चुनावसम्म मात्रै हो, त्योभन्दा पछिसम्म लाने वा नलाने भनेर छलफल भएर कुनै सहमति भएको छैन', पत्रकारसँगको कुराकानीमा उनले भनेका छन् ।

राष्ट्रियसभाका २० सदस्यको पदावधि आगामी २० फागुनमा सकिँदैछ । स्वतः रिक्त हुने उक्त पदमा निर्वाचन आयोगले माघ १२ मा निर्वाचन गर्दैछ । जुन निर्वाचनमा यसअघि नै दलहरुले सहकार्य गर्नेबारे सहमति गरेका थिए । देउवाले बताएअनुसार यसअघि गरिएको सहमतिअनुसार राष्ट्रियसभाको निर्वाचन त हुन्छ तर, त्यो पछि गठबन्धन रहने नरहने निश्चित छैन् ।

### प्रचण्ड र माधव हाबी हुँदा समस्या

नेतृत्वकर्ताको रुपमा देउवा देखिने पात्र भएपनि सरकार सञ्चालनमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल हाबी छन् । संख्यात्मक हिसाबले मात्रै नभई उनीहरुको तजबीजभन्दा देउवा बाहिर जाने अवस्था छैन । बाहिर देखिँदा नै आफुँ हाबी हुन नपाउँदा दिक्क अवस्थामा छन् । मुख्यतः हस्तक्षेपले उनलाई आफुँ अनुकुल काम गर्न असहज भईरहेको छ ।

महाधिवेशनको कारण पार्टीभित्र देखिएको किचलोभन्दा पनि अहिले देउवालाई गठबन्धनको विषय मिलाउन हैरान परेको देखिन्छ । सरकार गठन भएको ६ महिना बित्दासमेत उनको नेतृत्वमा देखिनेगरि कुनै काम हुन सकेको छैन् । सरकारको असफलता गठबन्धनभित्रको किचलो मुख्य कारण बनेको देखिन्छ । देउवा पछिल्लो समय गठबन्धनको विकल्प खोजिरहेको जस्तो देखिन थालेका छन् । उनका पछिल्ला कदमहरुले पनि सोहि तर्फ संकेत गरेका छन् ।

### एमालेसँग नजिक छन् देउवा

गठबन्धनभित्रको विवाद व्यवस्थापन नहुँदा सरकारले पूर्णता पाउन नै झण्डै ३ महिना लागेको थियो । तत्कालिन समय गठबन्धनभित्र विवाद बढ्दै जाँदा देउवा एमालेसँग निरन्तर संवादमा थिए । उनले आफ्ना विश्वासपात्र तथा सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीलाई निरन्तर एमाले अध्यक्ष केपी शर्मा ओलीसँग छलफलका लागि पठाएका थिए । ओलीसँगको निरन्तर छलफललाई तत्कालिन समय नै गठबन्धन भाँडिन लागेको अर्थमा समेत बुझिएको थियो ।

तत्कालिन समय बाध्यकारी रुपमा सरकारले पूर्णता पाएपनि सरकार सञ्चालनमा भने गठबन्धनका बीचमा सहमति बनिरहेको देखिन्न । पछिल्लो समय अदालत, एमसीसीलगायतका मुद्दामा दलहरुबीच सहमति बन्न सकिरहेको छैन् । देउवा विवादित कतिपय मुद्दामा एमाले नजिक देखिने गरेका छन् । एमालेको महाधिवेशनको उद्घाटन सत्रमा देउवाको उपस्थितिलाई पनि गठबन्धनभित्रको किचलोको रुपमा बुझिएको छ । आफ्नै नियुक्तीलाई परमादेश भन्दै विरोध गर्ने एमालेको कार्यक्रमको अतिथि बन्न जानुले गठबन्धनभित्र आशंका बढेका छन् । बाहिर आएअनुसार पनि एमाले महाधिवेशनमा सहभागी हुने देउवाको निर्णयमा सत्ता साझेदार माओवादी र एकीकृत समाजवादी निकै असन्तुष्ट छन् ।

यसबीच एमसीसीको मुद्दाले पनि गठबन्धनभिन निरन्तर किचलो बनाइरहेको छ । देउवा जसरी पनि एमसीसीलाई अगाडि बढाउने पक्षमा छन् भने प्रचण्ड र माधवकुमार नेपाल जसरी पनि फिर्ता गराउने पक्षमा देखिएका छन् । एमसीसीको मुद्दामा देउवालाई गठबन्धनभित्रबाट भन्दा बाहिरबाट सहयोग छ । एमालेसँग एमसीसीको मुद्दामा देउवा एकमत देखिन्छन् । एमसीसीकै कारण पनि अहिले गठबन्धन विघटन उन्मुख अवस्थामा पुगेको देखिन्छ । एमसीसी जसरी पनि पास गराउनुपर्ने दबाबमा रहेका देउवालाई गठबन्धनको विकल्प खोज्न बाध्य पारेको जस्तो देखिएको छ ।

## पाठक-पत्र

### विचार शुन्य बनेको कांग्रेस

नेपाली कांग्रेस महाधिवेशनको तयारीमा जुटेको छ । वडा तहदेखि नगर र प्रदेशसम्मका अधिवेशनहरु सम्पन्न भइरहेका छन् । यो क्रममा कांग्रेसभित्र विचारको प्रतिस्पर्धा भने शुन्य देखिन थालेको छ । विपिले स्थापना गरेको विचारबारे कांग्रेसभित्र गन्थन छैन् । अहिले कांग्रेसभित्र कसले कसलाई जिताउने र हराउने भन्नेमा मात्रै लडाइँ चलेको छ । कांग्रेसभित्र कुन गुटको कसले जित्ने भन्ने लडाइँ केन्द्रमा छ ।

प्रदेश १ मा सभापतिको लागि भएको प्रतिस्पर्धा निकै रोचक देखियो । संस्थापन र सिटौला पक्षविरुद्व रामचन्द्र पौडेल पक्षबाट उम्मेदवारी दिएका गुरुराज घिमिरेलाई हराउन उनकै समूह सक्रिय देखिए । उनलाई उनकै समूहका शेखर कोइराला, सुजता कोइराला र महेश आचार्यसहितको समूहले मत नै दिएनन् । उनी जम्मा २ मतले हारे । यसले कांग्रेस कतिसम्मको अन्तरघात र कतिसम्मको तुच्छ प्रतिस्पर्धा चलिरहेको छ भन्ने पनि देखाउँछ ।

नेतृत्वमा रहेका सभापति शेरबहादुर देउवा आफैंमा विचार शुन्य अवस्थामा छन् । उनी पुनः नेतृत्वमा दोहारिने कारण उनीसँग नै छैन् । न त उनीसँग विचारका आधारमा नेतृत्वमा दोहोरिने कारण छन् नत उनीसँग नेतृत्वमा दोहोरिने कुनै सफलता सूचक छन् । देउवाले नेतृत्व गरेको कांग्रेस विचारहिन, दिशाहिन, गतिहिन समूह मात्रै बनेको छ । आज कांग्रेसभित्र नयाँ दृष्टिकोणको बारेमा छलफल छैन । कांग्रेसभित्र कुनै अमुक पदका लागि कसरी ठाउँ पाउने भन्ने लडाइँ मात्रै छ । यो मुलुकको लागि निकै दुभार्ग्य हो ।

● **खगेन्द्र पौडेल**, स्याङ्जा

### 'राजसंस्था' मागीखाने भाँडो

राष्ट्रिय प्रजातन्त्र पार्टीको महाधिवेशनमा पराजित भएसँगै आफ्नो असली स्वरुप के हो भन्ने कुरा कमल थापाले बाहिर ल्याएका छन् । वास्तवमा थापा कहिल्यैपनि राजावादी थिएनन्, त्यो उनको मात्रै मागीखाने भाँडो वा राजनीतिक व्यवसाय गर्ने एउटा कार्ड मात्रै थियो भन्ने कुरा उनको पराजयसँगै सार्वजनिक भएको विचारले अभिव्यक्त गरेको छ ।

महाधिवेशनको उद्घाटन सत्रको क्रममा राजसंस्था फर्काउने अभिव्यक्ति दिएका थापाले महाधिवेशन सम्पन्न भएसँगै निर्मल निवासलाई आफ्नो बफादारितामाथि लात हानिएको आरोप लगाए । प्रतिकुल परिस्थितिमा आफुले कफन बाँधेर राजतन्त्रको पक्षमा उभिएको तर अहिले त्यसको पुरस्कार पाएको उनको भनाई थियो । एउटा आस्थासँग जोडिएको मानिसले सामान्यतयाः फरक र पिडादायी परिस्थितिमा पनि आफ्नो आस्थालाई बदल्दैन् । तर थापाले जब आफ्नो पराजय भयो आफ्नो आस्थाको केन्द्रमाथि नै सार्वजनिक रुपमा कटाक्ष प्रहार गर्दै सराप्न सुरु गरे ।

नेता थापाले यतिमात्रै गरेनन्, हिमानी शाहको नाममा भएको नक्कली ट्विट एकाउन्टमा उनिलक्षित अमुक व्यक्तिले लेखेको स्टाटसमाथि समेत कमेन्ट गर्दै सेयर गरे । थापाले राप्रपा महाधिवेशनमा राजेन्द्र लिङ्देनसँग मतविभाजनसँगै परायजय भएपछि हतास मानसिकता र अपरिपक्कता देखाउन पुगे । यति मात्रै नभएर थापाले वास्तवमा राजतन्त्रलाई आस्था नभएर आफ्नो स्वार्थको लागि प्रयोग गरेको छर्लङ्ग पारे ।

● **सुरज विक**, बागबजार, काठमाडौं

# इटहरी अस्पताललाई चिकित्सा सामग्री

**तेजबहादुर बन/मध्यान्ह**
इटहरी, २० मंसिर



कोरोनाको नयाँ भेरियन्ट 'ओमिक्रोन' भाइरसबाट विश्वमा यतिबेला त्रास उत्पन्न भइरहेको बेला नेपालमा पनि उच्च सतर्कता अपनाउन थालिएको छ।

कोरोना भाइरसको जोखिम न्यूनीकरण र उपचारमा खटिने चिकित्सकहरूलाई सहज होस् भन्ने उदेश्यले सुनसरीको इटहरीमा सोमबार चिकित्सा सामग्री हस्तान्तरण गरिएको छ। शैक्षिक गतिविधिसँगै सामाजिक क्षेत्रमा कृयाशिल इटहरीस्थित स्किल क्याम्पसको सहजिकरणमा चीनको हाइनान प्रान्त अन्तर्गत 'हाइनान कलेज अफ भोकेशन एण्ड टेक्निक'ले पठाएको चिकित्सा सामग्री हस्तानतरण गरिएको हो। कोभिड-१९ को संक्रमणपछि पुनः देखा परेको तेस्रो चरणको भाइरस ओमिक्रोनलाई फैलन नदिन र इटहरीको ग्रामीण भेगका जनताहरूलाई पनि स्वास्थ्यको पहुँच प्रदान गर्ने उदेश्यले अस्पतालमा खटिने चिकित्सकहरूलाइ चिकित्सा सामग्री प्रदान गरिएको स्किल क्याम्पसका अप्रेसन डाइरेक्टर प्रज्वल पराजुलीले बताए। चीनको हाइनान प्रान्त अन्तर्गत 'हाइनान कलेज अफ भोकेशन एण्ड टेक्निक'मा अध्ययनरत समुहसँग स्किल क्याम्पसले इटहरीका लागि स्वास्थ्य सामग्रीको पहल गरेपछि उक्त कलेजले सहयोग स्वरुप चिकित्सा सामग्री पठाएको क्याम्पसका अप्रेसन डाइरेक्टर पराजुलीले बताए। हाइनानबाट चिकित्सकहरूलाई उपचार पद्धतिमा सहज प्रदान गर्न २५ थान अक्समिटर, डिजिटल थर्ममिटर ६० थान, फस्ट एड बक्स ६० थान लगायतका चिकित्सा सामग्री प्रदान गरिएको थियो। उक्त सामग्रीहरू इटहरी अस्पतालको भवनमा उपमहानगरकी उपमेयर लक्ष्मी गौतमलाई हस्तानतरण गरिएको थियो। सामग्री लिँदै उपप्रमुख गौतमले स्वास्थ्य क्षेत्रमा चिकित्सकहरूलाई कतिपय स्थानमा यी सामग्रीहरू आवश्यक परिरहेको बेला स्किल क्याम्पसको पहलमा चिनको 'हाइनान कलेज अफ भोकेशन एण्ड टेक्निक'ले समयमै उपलब्ध गराएको प्रति धन्यवाद ज्ञापन गरेकी थिइन्।

# उद्यमशिलता व्यवसाय सम्बन्धी तालिम शुरु

**खडानन्द अधिकारी/मध्यान्ह**
कालिकोट, २० मंसिर



कालिकोटको मान्ममा समुदायमा आधारित संस्थाहरूको लागि उद्यमशिलता व्यवसाय थालनी तथा बजारीकरण सम्बन्धी ३ दिने तालिम सोमबारदेखि शुरु भएको छ।

मानवअधिकार तथा वातावरण विकास केन्द्र हुरेन्डेक नेपाल कालिकोटको सहजीकरण, टिडि एच बिएम जेट जर्मनीको आर्थिक सहयोगमा संचालित ग्रामीण हिमाली क्षेत्रमा दीगो जिविकोपार्जन तथा जैविक विविधता (शुलभ) परियोजना अन्तर्गत उक्त तालिम संचालन गरिएको हो।

उद्यमशिलता सम्बन्धी नेपाल सरकारको ऐन, नियमहरु सहभागीहरुलाई जानकारी गराउने, उत्पादन गरिएका बस्तुलाई बजारीकरण गर्न सिकाउने, आयआर्जन, जिविकोपार्जन, स्वरोजगार र व्यवसायबारे के-के भिन्नता भन्ने विषयमा सहभागीहरुलाई जानकारी गराउने उदेश्यले तालिमको आयोजना गरिएको परियोजनाका अनुगमन तथा मूल्यांकन अधिकृत सरोज पन्थीले बताए।

उद्घाटन कार्यक्रममा तालिमका प्रमुख प्रशिक्षक गंगाराम दाहालले कृषिको व्यावसायिक संचालनको लागि सबैभन्दा जानकार किसान भएको बताउँदै उत्पादन र व्यवसाय संचालनको लागि लेखपढ गर्नै पर्छ भन्ने नभएको बताए।

उनले नेपाल सरकारले उद्यमशिलता तथा जिविकोपार्जनका लागि विभिन्न कार्यक्रम संचालन गरेकाले त्यसको प्रत्यक्ष फाइदा लिन सबै तालिममा सहभागीलाई अनुरोध गर्दै अब सबै नागरिकले आत्मनिर्भताको लागि कुनै न कुनै कृषि पेशामा लागेर स्वरोजगार बन्नु पर्ने बताए।

उनले कृषि प्रधान देश नेपालमा विदेशी कृषि वस्तुलाई भित्र्याउनु दुःखको विषय भएको बताए। 'विदेशी कृषि वस्तुलाई नभित्र्याउन केन्द्र सरकार, प्रदेश सरकार र स्थानीय सरकारले आत्मनिर्भर उत्पादन तथा कृषिमुखी विशेष योजना बनाई नेपालको बेरोजगारी हटाउन तीनै तहका सरकार एकसाथ लाग्नु आवश्यक छ' दाहालले भने।

तालिम उद्घाटन कार्यक्रमको समापनमा आफ्नो भनाइ राख्दै हुरेन्डेक नेपाल कालिकोटका उपाध्यक्ष बिरेन्द्र बहादुर बुढाले कर्णाली प्रदेशमा प्रदेश सरकारले प्रदेशलाई अर्गानिक प्रदेश घोषण गर्ने भने पनि अहिलेसम्म हुन नसकेको गुनासो गरे। उनले प्रदेश सरकारको निर्णयलाई पनि सार्थक पार्न कर्णालीका किसानहरुको महत्वपूर्ण भुमिका हुने भएकाले यसमा सबै हातेमालो गरेर लाग्नुपर्ने बताए।

उनले कालिकोटमा किसानहरुले उत्पादन गरेका वस्तुका लागि बजारीकरणको समस्या नभएको बताउदै सबै किसानहरुले निर्धक्कका साथ कृषि वस्तुहरु उत्पादन गर्न आग्रह गरे।

तालिम उद्घाटन कार्यक्रममा हुरेन्डेक नेपाल कालिकोटका कोषाध्यक्ष दिलिप कुमार शाही, सदस्य खडानन्द अधिकारी, शुलभ परियोजना संयोजक राजेश गौतम, जिल्ला कार्यक्रम संयोजक गोपाल सिंह कार्की, लेखा अधिकृत लक्ष्मी प्रसाद देवकोटा एवं पत्रकारलगायत सरोकारवालाको सहभागिता रहेको थियो। तालिममा कर्णाली प्रदेश अन्तरगत कार्यक्रम लागू भएका तीन जिल्ला मुगु, हुम्ला र कालिकोटका अगुवा किसान एवं कृषि सहकारीका प्रमुख तथा प्रतिनिधि गरी ४० जनाको सहभागिता रहेको छ।

# भ्रष्टाचारको आरोपमा मुद्दा दायर

**काठमाडौं/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सुर्खेतको पातालगैरी सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारी र उपभोक्ता विरुद्ध भ्रष्टाचार गरेको अभियोगमा विशेष अदालतमा मद्दा दायर गरेको छ।

आयोगले पातालगैरी सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष हरि दमाइँ, कोषाध्यक्ष खड्गप्रसाद जैसी र सचिव पूर्णिमा शाह सिंहविरुद्ध रु १८ लाख ७७ हजार बराबरको बिगो भराउन माग गर्दै मुद्दा दायर गरेको हो। सोही उपभोक्ता समितिका सदस्य रणबहादुर बडुवाल विरुद्ध रु पाँच लाख ५० हजार र अर्का सदस्य भरतबहादुर बशाही विरुद्ध एक लाख ५० हजार रुपैयाँ, सो वन समूहका उपभोक्ता प्रेमबहादुर सिञ्जापति विरुद्ध पनि आठ लाख ८७ हजार रुपैयाँ बराबरको बिगो भराउन माग गरिएको छ। यसैगरी उपभोक्ता हस्तनादेवी शाही विरुद्ध रु एक लाख १५ हजार र अशोक सिंह विरुद्ध रु २५ हजार बराबरको बिगो माग गरिएको आयोगका प्रवक्ता नारायणप्रसाद रिसालले जानकारी दिए।

# अमेरिकी पूर्वसिनेटर बब डोलको निधन

**काठमाडौं/एजेन्सी-** सन् १९९६ मा राष्ट्रपति पदका एक उम्मेदवार अमेरिकी नेता बब डोलको ९८ वर्षको उमेरमा निधन भएको छ। उनी फोक्सोको क्यान्सरबाट पीडित थिए। राष्ट्रपति जो बाइडेनले अमेरिकाका दुई प्रमुख राजनीतिक दलका तर्फबाट डोलप्रति श्रद्धाञ्जलि अर्पण गरेका छन्। उनले डोल 'प्रिय मित्र' र 'आफूहरूको इतिहासमा कमै देखिएका अमेरिकी राजनीतिज्ञ' रहेको बताएका छन्।

डोल लामो समयसम्म क्यानसस राज्यलाई प्रतिनिधित्व गर्ने सिनेटर थिए। राष्ट्रपतीय निर्वाचनमा उनले डेमोक्र्याटिक दलका नेता बिल क्लिन्टनसँग प्रतिस्पर्धा गरेका थिए। उनी दोस्रो विश्व युद्धमा सहभागी सैन्य अधिकारी समेत रहेको र सोही क्रममा झन्डै उनले ज्यान गुमाउनु परेको समाचारमा जनाइएको छ।

डोलको निधनको खबर उनकी पत्नीको प्रतिष्ठानले सार्वजनिक गरेको थियो। जसमा उनले ७९ वर्षसम्म इमानदारीपूर्वक संयुक्त राज्य अमेरिकाको सेवा गरेको उल्लेख गरिएको छ। सन् १९९६ को राष्ट्रपतीय निर्वाचनका प्रतिद्वन्द्वी पूर्वराष्ट्रपति बिल क्लिन्टनले डोलको उदाहरणले 'आजका र आगामी पुस्ताका मानिसहरूलाई प्रेरित गर्नुपर्छ' भनेका छन्।



पूर्वराष्ट्रपति जर्ज डब्ल्यू बुशले डोलले 'अमेरिकी मूल्यमान्यताहरूको उत्कृष्ट प्रतिनिधित्व गरेको प्रष्ट पारेका छन्। पूर्वराष्ट्रपति बाराक ओबामाले डोललाई 'युद्ध नायक, राजनीतिक नेता र एक राजनेता'को संज्ञा दिएका छन्।

# कान्छी उम्मेदवार डा.अलविरा प्रदेश सदस्यमा विजयी



**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, २० मंसिर

नेपाली कांग्रेस लुम्बिनी प्रदेश अधिवेशनमा सबैभन्दा कान्छी मुस्लिम महिला उम्मेदवार २४ वर्षीया डा. अलविरा खान विजयी भएकी छन्।

संस्थापन इतर समूहको प्यानलबाट प्रदेश सदस्यमा उम्मेदवार बनेकी डा. खानले सबै भन्दा धेरै र लोकप्रिय मत पाएको निर्वाचन समितिले जनाएको छ।

मुस्लिम महिलातर्फको कोटाबाट उम्मेदवार बनेकी उनी शुक्रबार दिनभर प्रतिनिधिसँग भोट मागिरहेकी थिइन्। शनिबार पनि उनले बिहानैदेखि आफूलाई जिताउन आग्रह गर्दै मतदातासँग मत मागिरहेकी थिइन्।

आफु १८ वर्षको हुँदा कांग्रेसको क्रियाशील सदस्यता लिएको उनले बताइन्। 'मैले १८ वर्षको उमेरमा कांग्रेसको क्रियाशील सदस्यता लिएकी हुँ, अहिले २४ वर्षकी भएँ, प्रदेश सदस्य भएर जिम्मेवारी निर्वाह गर्न सक्छु भन्ने लागेको छ,' डा. अलविराले बताइन्। कपिलवस्तु-३ को प्रदेश सभा (ख) बाट प्रतिनिधि भएर उनी लुम्बिनी प्रदेश समिति सदस्यमा उम्मेदवार बनेकी थिइन्। बाबु अकिल मियाको प्रेरणाबाट आफू राजनीतिमा लागेको उनको भनाइ छ। अकिल मिया ३० वर्षदेखि काँग्रेस क्रियाशील सदस्य छन्। पूर्वक्षेत्रीय सभापति रहेका अकिल मिया अहिले महाधिवेशन प्रतिनिधि छन्।


## भूल सुधार

प्रकाशित मितिः- २०७८/०८/२१

मिति २०७८/०८/१७ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सिटिजन्स बैंक इन्टरनेसनल लि.को ऋणी मछिन्द्र बर्तौलाको **"धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना"**मा लिलाम खोलिने मिति २०७८/०९/०४ हुनुपर्नेमा अन्यथा हुन गएकोमा सर्वसाधरणको जानकारीको लागि भुल सुधार गरिएको यसै सूचनाबाट जानकारी गराइन्छ।

Citizens Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS



## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७८/०८/२१

यस कम्पनीको मिति २०७८/०८/०६ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **ओम प्रकाश एक्सपोर्ट ईम्पोर्ट प्रा.लि. (प्रा.लि. नं. १४६००८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०८/०९ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **जाम्बाला ट्रेडिङ हाउस प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६८/०८/१३ मा दर्ता भएको **प्रा.लि. नं. ८८२३९** को **मरिना नेपाल ट्राभल एण्ड टुर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/०८/१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हक दावी सम्बन्धी सूचना**

प्रकाशित मितिः २०७८/०८/२१

यस कार्यालयमा मिति २०६१।०४।२२ मा दर्ता भएको **प्रा.लि. नं. ३०१८०** को **देवघाट एक्सपोर्ट इम्पोर्ट प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।



## UAE मा रोजगार | कम्पनी : SUN & SAND SPORTS LLC, DUBAI

पूर्व स्वीकृत मितिः २०७८/०८/०३ | चलानी नं.: ६०१६८०८० | LT. No.: 251306

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sales Assistant | 52 | 78 | स. काममा दक्ष | 1800 | ५८,०६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २२ गते (8 December 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

GULF LINK OVERSEAS PVT. LTD
Basundhara, Kathmandu, Ph. No. 01-4958004, 4366329
Mob.: 9801100444, 9867547218 | Email: gcccareernepal@gmail.com
Govt. Lic. No 583/062/063



## साउदीमा रोजगार | कम्पनीः INTEGRATED CONTRACTING COMPANY शहरः RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०८/१४ | चलानी नं.: ६०१६९६६६ | LT. No.: 251946

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter Furniture | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,३७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Wooden Door Painter | 3 | 0 | | 1200 | ३८,३७६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २८ गते (14 December 2021) मा हुनेछ।

पुकार इन्टरनेशनल ओभरसिज प्रा. लि.
टोखा न.पा.-११, महादेवटार, सामाखुसी, काठमाडौं,
फोनः ४९८८७५४, ४९८८७५५
chitwan : 056-522876, 9855060686
Pokhara : 061-553158, 061582023, 9806544044/9846031923
Butwal : 071-541534, 9857077872, Birtamod : 023-534105, 9806091708
E-mail : info.pukaragency@gmail.com



## कतारमा रोजगारको अवसर | कम्पनीः SMART TRADING COMPANY शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/०८/१७ | चलानी नं. ६०१६९५३७ | LT. No.: 252846

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 1 | 0 | स. काममा दक्ष | 1000 | ३२,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २८ गते (14 December 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

सिद्ध ग्लोबल सर्भिसेज प्रा. लि.
ईजाजत नं. ९३४/०६७/०६८
बसुन्धारा-३, काठमाडौं, नेपाल, फोन नं. : ४९७०१४२, ४९७०१४३
Email: info.siddaglobalservices@gmail.com, Website: www.siddhaglobalsevices.com



## कतारमा रोजगारको अवसर | १. कम्पनीः FAST PASS WLL शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७८/०७/०७ | चलानी नं.: ६०१६६१०३ | LT. No.: 248501 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver (Bike) | 13 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४९,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 1 | 0 | | 1400 | ४६,११६ | | | | | | | |
| 3. | Gen Clean Worker | 1 | 0 | | 1000 | ३२,९४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २८ गते (14 December 2021) मा हुनेछ।

Metta International Pvt. Ltd.
मेनपावर बजार काठमाडौं, फोनः ४११२९७६, ४११२९७७, Fax.: 4112978
Email- info@mettaint.com, mettainternational@gmail.com Web.: www.mettaint.com
श्रम इजाजत नं. ५३०/०६१/०६२



## कतारमा रोजगार | कम्पनीः FITOUT GROUP CONTRACTING & SERVICES शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/०८/२० | चलानी नं.: ६०१६९७२२ | LT. No.: 252722

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३९,५२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Technician | 2 | 0 | | 1200 | ३९,५२८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २८ गते (14 December 2021) मा हुनेछ।

Excellent Manpower Services Pvt. Ltd.
साविकः (AL SUJIT MANPOWER PVT. LTD.)
Sinamangal-9, Airport, Kathmandu, Tel: 4485517, 6924454
Email: excellentmanpower1328@gmail.com
Gov. Lic No. 1328/074/075

# समस्याको समाधान गर्दै मन्त्री निवास निर्माण गर्न मन्त्री झाँक्रीको निर्देशन

**काठमाडौं/मस।** सहरी विकास मन्त्री रामकुमारी झाँक्रीले मन्त्री आवास निर्माणमा देखिएको समस्या समाधान गरेर कामलाई तिव्र गतिमा अघि बढाउन निर्देशन दिएकी छन् ।

मंसिर २० गते भैंसेपाटीमा निर्माणाधीन मन्त्री, प्रदेश प्रमुख तथा मुख्य मन्त्री आवास निर्माणको निरीक्षण गर्नेक्रममा मन्त्री झाँक्रीले काममा ढिला नगरिकन समयमा नै सक्न निर्देशन दिएकी हुन् ।

मन्त्री आवास क्षेत्रमा झण्डै ७ सय मिटर सडक खण्डमा ८ मिटर चौडाई हुने, अन्यन्त्र ११ मिटर कायम गरिने भएको छ । करिब ९६ रोपनीमा निर्माण हुन लागेको मन्त्री आवासले नै सडकलाई आवश्यक पर्ने ठाउँ छाडिदिनुपर्ने स्थानीयले माग राखेका छन् । सडक चौडाको विषयलाई नै लिएर ४ महिनादेखि स्थानीयवासीले आवास क्षेत्रमा पर्खाल बनाउन अवरोध गरिरहेका छन् ।

हालसम्म मन्त्री आवासको भौतिक प्रगति ६५ प्रतिशत रहेको छ। निर्माणको ठेक्का श्रीको/हनुमान



जेभीले २०७६ कात्तिकमा लिएर काम गर्दै आएको छ । दिपक्षिय सम्झौताअनुसार मन्त्री आवासको निर्माण २०७८ कात्तिक २६ मा काम सक्नुपर्ने हो ।

# तीन राजदूतको नाम अनुमोदन

**काठमाडौं/मस–**प्रतिनिधिसभा अन्तर्गतको संसदीय सुनुवाइ विशेष समितिले तीन देशका लागि प्रस्तावित राजदूतहरूको नाम अनुमोदन गरेको छ ।

सोमबार बसेको समितिको बैठकले बेलायत, भारत र अमेरिकाका लागि प्रस्तावित राजदूतको नाम सर्वसम्मत अनुमोदन गरेको हो ।

संसदीय सुनुवाइ समितिमा सांसदहरुको प्रश्नको जवाफ दिएपछि भारतका लागि प्रस्तावित राजदूत डा. शंकर शर्मा, अमेरिकाका लागि प्रस्तावित राजदूत श्रीधर खत्री, बेलायतका



लागि प्रस्तावित राजदूत ज्ञानचन्द्र आचार्यको नाम सर्वसम्मतले अनुमोदन भएको हो ।गत कात्तिक ११ गतेको मन्त्रिपरिषद बैठकले भारत, अमेरिका र बेलायतका लागि राजदूत सिफारिस गरेको थियो। संसदीय समितिले अनुमोदन गरेपछि अब राष्ट्रपति विद्यादेवी भण्डारीले राजदूतहरूको नियुक्ति गर्ने कानुनी व्यवस्था छ ।

## ‘आगामी निर्वाचनसम्म गठबन्धन कायम रहन्छ’

**दमक/मस–**पूर्वप्रधानमन्त्री एवं नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले लोकतन्त्रको सुदृढीकरण तथा संघीयताको रक्षा गर्न राजनीतिक दलबीच गठबन्धन निर्माण भएको बताएका छन् । लोकतन्त्र, धर्म निरपेक्षता र गणतन्त्रको रक्षा गर्न सत्तारूढ दलहरुबीच आगामी निर्वाचनसम्म गठबन्धन कायम रहने उनले उल्लेख गरे ।

पार्टी सम्बद्ध नेपाल खेलकुद महासंघ समाजवादीले सोमबार दमकमा आयोजनामा गरेको प्रदेशस्तरीय खेलकुद तथा प्रशिक्षण कार्यक्रममा अध्यक्ष नेपालले भने, ‘तीनै तहका निर्वाचनमा सत्तारूढ दलहरुको गठबन्धनले थप सफलता हासिल गर्छ, त्यसमा द्विविधा छैन् ।’

नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओलीको निर्वाचन क्षेत्रमा आयोजित प्रदेशस्तरीय खेलकुद कार्यक्रममा अध्यक्ष नेपालले ओलीको अहम्ताका कारण कम्युनिष्ट पार्टी विभाजित हुन पुगेको आरोप लगाए । आउँदो निर्वाचनमा एकीकृत समाजवादी जनताको लोकप्रिय पार्टीका रुपमा स्थापित हुने उनले दाबी गरे ।

पार्टीका प्रदेश नं १ कमिटीका अध्यक्ष एवम प्रदेश १ का मुख्यमन्त्री राजेन्द्रकुमार राईले लोकतन्त्र र संघीयताको कार्यान्वयन गर्दै देशलाई समृद्धितर्फ लैजान साझा चुनौती भएको उल्लेख गरे ।

पार्टीका केन्द्रीय उपाध्यक्ष घनेन्द्र बस्नेतले एमाले कम्युनिष्टका नाममा पलायनतर्फ उन्मुख भएकाले त्यसको विकल्पमा देशभक्ति कम्युनिष्टहरुबीच एकता निर्माण गर्ने लक्ष्यका साथ एकीकृत समाजवादी जनताका बीचमा आएको स्पष्ट पारे ।

## रकम असुल्ने दुई जना पक्राउ

**काठमाडौं/मस–**प्रहरीले काठमाडौं उपत्यकाका विभिन्न स्थानमा गुण्डागर्दी गरी रकम असुल्ने दुई जनालाई पक्राउ गरेको छ । महानगरीय अपराध महाशाखाको टोलीले काठमाडौंको पानीपोखरीस्थित युनिभर्सल इन्टरनेशनल म्यानपावर कम्पनीका सञ्चालकलाई विदेश पठाएका व्यक्तिबाट लिएको रकममध्ये प्रतिव्यक्ति रु २५ हजारका दरले एकमुष्ठ रु ९० लाख २५ हजार असुल्न खोज्ने काठमाडौं सुकेधाराका ४० वर्षीय मिलन जोशी र दोलखाका ३५ वर्षीय रविन्द्र बस्नेतलाई आइतबार पक्राउ गरी सोमबार सार्वजनिक गरेको हो ।

निषेधाज्ञाका कारण म्यानपावर चल्न नसकेको अवस्थामा कमिशन र दशैं खर्च मागेर सञ्चालक र सञ्चालकका परिवारलाई ज्यान मार्ने धम्की दिएको अभियोगमा उनीहरुलाई पक्राउ गरिएको महाशाखाले जनाएको छ ।

---

Government of Province
Province No.2
Ministry of Social Development
Health Directorate

## District Ayurveda Health Centre

Siraha

### Invitation for Electronic Bids of

**First Date of publication: 7th Dec-2021**

1. District Ayurveda Health Centre, Siraha invites electronic bids from Nepalese eligible bidders for the Construction of store room and Main entrance gate under National Competitive Bidding procedures. Details as below table

| Package No. | NAME OF PROJECT | Contract Identification No. | Cost of Bid Document | Bid Validity Period | Bid Security Amount & Validity Period | Estimated Amount with Vat |
|---|---|---|---|---|---|---|
| 1 | Construction of store room and Main entrance gate | DAHC-NCB-W-01-078/79 | 3000.00 | 90 | Nrs.96,500.00 & 8th May-2021 | 37,87,518.94 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents District Ayurveda Health Centre, Siraha .
3. Bidding documents can be only downloaded from e-GP system only in www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the fee of bidding documents Rs. 3000.00. Name of the Bank: Rastriya Banijya Bank, Siraha.
   **A/C no. 1000200010000, Office Code No. 3500216012**
   **Name of Office: District Ayurveda Health Centre, Siraha, Revenue Sirsak No. 14229**
4. Pre-bid meeting shall be held at District Ayurveda Health Centre, Siraha on 14:00 hrs 27th Dec 2021
5. Electronic Bids must be submitted through www.bolpatra.gov.np/egp before 12:00 Hour 06th Jan-2022
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 Hour on 06th Jan-2022 in District Ayurveda Health Centre, Siraha. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security. Stated above table. In case of alternative, cash can be deposit in following Account.
   Name of the Bank: Rastriya Banijya Bank,Siraha, Name of the Office: Ko. Le. Ni. Ka. , Siraha Office Code No:- 3500216012, Account No- : 2130100202030000
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. In the case of discrepancies or error in bid documents, bid notice or any other document, the District Ayurveda Health Centre Siraha reserves the right to amend and correct at any time.
9. District Ayurveda Health Centre, Siraha, reserves the right to accept or reject the bids without assigning any reason whatsoever.
10. For further details, please visit www.bolpatra.gov.np, Mobile No. 9852834726 in office time.

Ayurved Chikitsha
District Ayurveda Health Centre, Siraha

---

Tribeni Rural Municipality
Office of Rural Municipal Executive
Simrutu, Kharaneta Rukum (West)
Karnali Province, Nepal

### Invitation for Quotations for the Water Supply Project

**Date of publication: 07-12-2021**

1. The ***Tribeni Rural Municipality Simrutu Kharaneta, Rukum (west)*** invites sealed quotations for the constructions of ***Water Supply Project.***
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Tribeni Rural Municipality Simrutu Kharaneta, Rukum(west)*** or **may visit PPMO website www.bolpatra.gov.np., 9812854065, 9847864416.**
3. Sealed bids must be submitted by the through e-GP system i.e **www.bopatra.gov.np/egp on before 22- 12-2021 12:00 hours.**

**Description of work**

| S. N. | Contract Nos. | Description of work | Bid free (NRs.) | Bid Security (NRs.) | Estimated Amount (with out VAT) NRs. | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | TRM-KHKKN /04/2078/079 | Kural Hampal khola khanepani Tribeni Ga. Pa. Kendran Khanepani Nirman | 1000/- | 43,000/- | 16,99,045.85/- | Laxmi Bank Limited Rajasho Khata:- 08703000156 Dharauti Khata:- 08703000084 |

**Ramesh Pun Magar**
**Chief Administarative officer**


## साउदीमा रोजगारको अवसर

१. कम्पनी: SAUDI NATIONAL STEEL FACTORY शहर: AL KHOBAR
पुर्व स्वीकृत मिति: २०७५/०१/१९ चलानी नं.: ६०१३११११ L.T. No.: 210239 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manual Cutter | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४४,७७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Worker Loading & Unloding | 7 | 0 | | 1000 | ३१,९८० | | | | | | | |
| 3. | Solid Rolling Agent | 2 | 0 | | 2500 | ७९,९५० | | | | | | | |
| 4. | General Machine Operator | 2 | 0 | | 2500 | ७९,९५० | | | | | | | |
| 5. | Truck Driver | 1 | 0 | | 1800 | ५७,५६४ | | | | | | | |

२. कम्पनी: BRANCH OF SUPPORT GATE COMPANY FOR LOGISTIC SERVICES शहर : Riyadh
पुर्व स्वीकृत मिति: २०७८/०३/११ चलानी नं.: ६०१५९२०० L.T. No.: 240223 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 15 | 0 | स. काममा दक्ष | 1000 | ३१,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: ALI HASSAN ABU SAEED TRADING EST शहर : Riyadh
पुर्व स्वीकृत मिति: २०७८/०८/२० चलानी नं.: ६०१६९७२० L.T. No.: 252756

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Whole vehicle Driver | 4 | 0 | स. काममा दक्ष | 1800 | ५७,५६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: ALPHA PLUS BAKERY FOR BREAD शहर : Riyadh
पुर्व स्वीकृत मिति: २०७८/०८/२० चलानी नं.: ६०१६९७१८ L.T. No.: 252758

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 5 | 0 | स. काममा दक्ष | 1000 | ३१,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी: GOLDEN DROP CAFE TO SERVE DRINKS शहर : Najran
पुर्व स्वीकृत मिति: २०७८/०८/२० चलानी नं.: ६०१६९७१७ L.T. No.: 252940

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary labour | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

६. कम्पनी: OMAR HAZAA ZAIDAN AL-HARBI TRADING STORE शहर : Riyadh
पुर्व स्वीकृत मिति: २०७८/०८/२० चलानी नं.: ६०१६९७१९ L.T. No.: 252757

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

७. कम्पनी: EKLEEL AL NARGES TRADING EST शहर : Riyadh
पुर्व स्वीकृत मिति: २०७८/०८/२० चलानी नं.: ६०१६९७२१ L.T. No.: 252760

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Wooden Flooring Installer | 2 | 0 | | 1000 | ३१,९८० | | | | | | | |
| 3. | WALLPAPER | 2 | 0 | | 1000 | ३१,९८० | | | | | | | |

